# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २६० | काठमाडौं | बुधबार, ०२ माघ २०८१ | Prabhab National Daily | Wednesday, January 15, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**एमपक्स संक्रमणबाट बचौं र बचाऔं**

- विदेशबाट आउने जो कोहिमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं,
- ज्वरो आउने, टाउको दुख्ने, शरिर सुन्निने, ढाड दुख्ने मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षण हुन्,
- त्यस्ता लक्षण देखा परे स्वास्थ्य परीक्षण गराऔं,
- एमपक्स अत्यन्तै सङ्क्रामक रोग भएकाले सङ्क्रमण हुनासाथ आइसोलेसनमा बसौं,
- घना वस्ती र सहरी क्षेत्रमा यसको सङ्क्रमण छिटो वढ्ने भएकाले सचेतना बढाऊँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड




थारु समुदायको पर्व माघी एवं नयाँ वर्षका अवसरमा बाँकेको बैजनाथ गाउँपालिका–१ च्यामामा ढिक्रीसँगै घोँगी, डोक्निको चटनी, सिद्रा माछाको तरकारीलगायत परिकार पकाउँदै थारु महिला ।
*तस्बिर: रासस*

# 'ओली सरकार ढलिहाल्ने' दाहालको रटान



**माघ १**

अप्राकृतिक भएकाले यो सरकार अन्ततः ढल्नु नै छ । हामीले धेरै बल गर्नुपर्दैन । यसको आयु धेरै छ जस्तो लाग्दैन । मैले मिति तोक्नु त ठीक नहोला तर कांग्रेसका संस्थापन पक्षकै नेताहरूमा असन्तुष्टि आइरहेको छ ।

**कात्तिक २६**

जनजीविकाको सवालमा सरकार चुकिरहेको छ । यो सरकार त आफ्नै कारणले जान्छ जान्छ ।

**कात्तिक १०**

तपाईंहरु जसरी भ्रष्टाचारीहरूको रक्षाका लागि सुशासनको विपक्षमा बिचौलियाको पक्षमा जाँदै हुनुहुन्छ तपाईंहरु आफैं कुहिएर झर्नुहुने छ ।

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** शीर्ष दल नेपाली कांग्रेस र नेकपा एमालेलाई पालोपालो सत्ता सहयात्री बनाएर २०७९ पुसबाट गत असारसम्म प्रधानमन्त्री बने पुष्पकमल दाहाल । निर्वाचनमा कांग्रेससँग गठबन्धन गरेर चुनावी परिणामलगत्तै एमालेसँग मिलेर सरकार बनाएका थिए माओवादी अध्यक्ष दाहालले । त्यसपछि राष्ट्रपति निर्वाचनमा कांग्रेसलाई सघाएका कारण एमाले बिच्कियो । काँध कांग्रेस बन्यो दाहालको ।

पुनः अर्थमन्त्री डा. प्रकाशशरण महत कारण देखाउँदै दाहालले काँध फेरे एमालेसँग । यसरी नै काँध फेरिरहँदा प्रतिनिधिसभामा ३२ सिटसहित तेस्रो दलका अध्यक्ष दाहाललाई धेरैले 'भर्सटायल' नेता भन्न थाले । योबीचमा पहिलो दल कांग्रेस र दोस्रो दल एमालेबीच अनौठो सम्झौता भयो र उनै भर्सटायल नेता दाहाल गत असार मसान्तबाट विपक्षी दलका नेता बनेका छन् । प्रधानमन्त्री एमाले अध्यक्ष केपी शर्मा ओली ।

सत्ताबाट बाहिरिएयता दाहालको एउटै रटान छ- ओली सरकार आज या भोलि नै ढल्छ । मंगलबार सिन्धुपाल्चोकको सुकुटे पुगेका दाहालले यही कुरा दोहोऱ्याए । भने, 'अप्राकृतिक भएकाले यो सरकार अन्ततः ढल्नु नै छ । हामीले धेरै बल गर्नुपर्दैन । यसको आयु धेरै छ जस्तो लाग्दैन । मैले मिति तोक्नु त ठीक नहोला तर कांग्रेसका संस्थापन पक्षकै नेताहरूमा असन्तुष्टि आइरहेको छ ।'

क्रमशः पृष्ठ २ मा

# एमालेमा उकुसमुकुस पूर्वमाओवादी

माओवादीबारे घोचपेच गर्नुहुन्छ । राम्रो लाग्दैन । अध्यक्षले त केही भन्नुभएको छैन । तर, अरू नेताहरूले माओवादीका बारेमा जथाभावी भन्दा मन दुख्छ । पीडा हुन्छ । नभने हुन्थ्यो जस्तो लाग्छ ।

**लेखराज भट्ट**
**सचिव, नेकपा एमाले**



- पूर्वमाओवादी नेताहरु एमाले नेताहरूबाट अपमानित हुनुपरेको गुनासो
- एमाले नेताहरूले माओवादीका बारेमा जथाभावी बोल्दा पीडा हुने भनाइ
- माओवादी नेताहरु रामबहादुर थापा, टोपबहादुर रायमाझी, मणि थापालगायत नेकपा विघटनपछि एमालेमा लागेका थिए
- पूर्वमाओवादीलाई आकर्षित गर्न ओलीले बाँडेका थिए सरकारमा मन्त्री बनाउनेदेखि अनेक लाभका पद
- १०औं महाधिवेशनपछि भने अध्यक्ष ओलीले पूर्वमाओवादीहरूलाई न टाढा न नजिक राखे
- निष्क्रिय बस्दै आएका पूर्वमाओवादी नेता मणि थापाले गत वर्ष पार्टी छाडे

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेकपा माओवादी केन्द्रले भन्दै आएको 'जनयुद्ध'लाई प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओली र उनको दल एमालेका नेताहरूले 'हिंसा' भन्दै आएका छन् । १ फागुनमा माओवादीले मनाउने 'जनयुद्ध दिवस'लाई हिंसा सुरु गरेको दिन भनेर खिल्ली उडाउने गरेका छन् ।

गत संसद्को बर्खे अधिवेशनमा एमाले सचिव योगेशकुमार भट्टराईले जनयुद्धलाई 'हिंसा' भनेपछि माओवादी सांसदहरूले संसद् बैठक नै पटक-पटक अवरुद्ध गरेका थिए । उनीहरूले त्यसबेला भट्टराईको अभिव्यक्तिप्रति गम्भीर आपत्ति जनाएका थिए ।

माओवादी सशस्त्र विद्रोहमा सहभागी तथा पछिल्लो समय एमालेमा रहेका पूर्वमाओवादी नेताहरू भने अस्वाभाविकरूपमा मौन थिए । तर, एमाले सचिव रहेका पूर्वमाओवादी नेता लेखराज भट्टको हालै सार्वजनिक एउटा अडियो सम्बोधन सार्वजनिक भयो । त्यहाँ उनले पूर्वमाओवादी नेताहरू अहंकारी एमाले नेताहरूबाट अपमानित हुनुपरेको बताएका छन् । आफूसमेत सहभागी भएको जनयुद्धलाई हिंसा भन्दा पीडा भएको उनले प्रकट गरेका छन् ।

अडियोमा उनले एमाले अध्यक्ष केपी शर्मा ओलीको खरो आलोचना गरेका छन् । तर, हिजो माओवादी अध्यक्ष पुष्पकमल दाहालसँग लडेर आएकोमा अहिले ओलीसँग जुध्न भने नसकेको गुनासो गरेका छन् । भट्टको यो अडियो सार्वजनिक भएपछि पूर्वमाओवादी नेताहरू एमालेभित्र उकुसमुकुस भएर बसिरहेको चर्चाले फेरि व्यापकता पाएको हो । कतिपयले त एमालेबाट पूर्वमाओवादी नेताहरू बिस्तारै पलायन हुने अनुमान गर्न थालेका छन् ।

भट्टको उक्त अडियो सम्बोधन यतिबेला भाइरल बनेको छ । उनले आफूले दुई वर्षअघि आफूनिकट पूर्वमाओवादी नेताहरूलाई भनिएको स्वीकारेका छन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# कोरिया जाने आशले झन् निराश

■ **ममता थापा**

**काठमाडौं–** नेपालीहरूको आकर्षक रोजगार गन्तव्य दक्षिण कोरियामा गत एक वर्षको अवधि (२०८० पुसदेखि २०८१ मंसिर)मा १० हजार ३७१ जना रोजगारीका लागि पुगेका छन् । उनीहरू रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत कोरियामा पुगेका हुन् । उक्त अवधिमा कोरिया पुगेकाको यो संख्या इपिएस भाषा परीक्षा उत्तीर्ण गरेकाको कूल संख्याको तुलनामा निकै कम हो ।

वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाका अनुसार अधिकांश युवाहरू भाषा परीक्षा उत्तीर्ण गरेर कोरिया जाने प्रतीक्षामा छन् । तर, उनीहरूमध्ये कमैले मात्र यो अवसर पाउने गरेका छन् । कोरियाले न्यून संख्यामा कामदार लैजाने हुँदा हजारौं युवाहरूको समय पर्खाइमै गुज्रिरहेको भन्दै सरोकारवालाहरूले चिन्ता व्यक्त गरिरहेका छन् ।

त्यसो त कोरियन भाषा परीक्षामा कोरियाले लैजानेभन्दा तीन गुणा बढीलाई उत्तीर्ण गराई 'रोस्टर' राखिँदै आएको छ । रोस्टरमा रहेका नामबाटै कोरियास्थित कम्पनीले कामदार छनोट गरेर पठाउने गरेका छन् । त्यसरी छानिएर आएपछि बल्ल कोरिया जान पाउने सुनिश्चित हुन्छ । भाषा परीक्षामा सहभागी हुनेको संख्या भने हजारौं हुने गर्दछ ।




विगतमा उत्तीर्ण भएका सबै परीक्षार्थी कोरिया जान पाएका छैनन् । तर हरेक वर्ष लिइने परीक्षामा आवेदन दिनेको संख्या बढेको बढ्यै छ । अर्कोतिर कोरियन सरकारले नेपालबाट लग्ने कामदारको संख्यामा एकरूपता छैन । कुनै वर्ष उल्लेख्य संख्यामा कामदार लग्दा, कहिले भने स्थिति निराशाजनक देखिन्छ । मुलुकमा बेरोजगारिको समस्याले निराश भएका युवाहरू कोरिया जान पाए केही कमाउन सकिन्थ्यो कि भन्ने आशमा बसिरहेका बेला अपेक्षाकृत हिसाबले कामदार नलग्दा थप निराश भएका छन् ।

कोरियन भाषा परीक्षामा मागभन्दा तीनगुणा बढी परीक्षार्थी उत्तीर्ण गराउने, रिटर्नीहरूको कागजात सम्बन्धित कम्पनीमा नपठाउने, समयमा उडान मिति तय गर्न नसक्नेजस्ता समस्या देखिँदै आएका छन् । आवश्यकताभन्दा कयौं गुणा बढीले आवेदन दिने अनि परीक्षा उत्तीर्ण भएकाहरूको छनोट प्रक्रिया पनि अत्यन्तै सुस्त भएको भन्दै परीक्षार्थीहरू सामाजिक सञ्जालदेखि सडकसम्म आक्रोश पोखिरहेका छन् ।

दक्षिण कोरियाले सबैभन्दा बढी अंक ल्याउनेमध्येबाट आफूलाई आवश्यक कामदारमात्रै छनोट गर्दा भाषा परीक्षामा धेरै जना अनुत्तीर्ण हुन थालेको अधिकारीहरू बताउँछन् । एचआरडी कोरियाले आगामी वर्ष हुने परीक्षामा नेपालको कोटाभन्दा तीन गुणा बढीलाई मात्रै भाषा परीक्षामा सहभागी गराउन आग्रह गरेको छ । जसकारण परीक्षा दिएकाहरूमध्येबाट एकतिहाइ युवा एचआरडीले छनोट गर्ने तयारी भइरहेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

**श्रममन्त्री-राजदूत छलफलले जगाएको आशा**

गत पुस २५ गते श्रममन्त्री शरतसिंह भण्डारी र नेपालका लागि कोरियाली राजदूत पार्क तेइ योङबीचको भेटमा श्रम सम्झौताका विभिन्न पक्षहरूमा छलफल भएको जानकारी दिइएको थियो । इपिएस प्रणालीअन्तर्गतको सम्झौतालाई पुनरावलोकन गरी नवीकरण गर्ने, सीपयुक्त कामदारलाई दक्षिण कोरिया पठाउनेसम्बन्धी कार्यविधि, इपिएस उत्तीर्ण भई रोस्टरमा रहेका नेपाली कामदारलाई जतिसक्दो छिटो रोजगारमा पठाउने विषयमा छलफल भएको थियो । यस्तै शिप बिल्डिङलगायत क्षेत्रमा छनोट भएका कामदारका माग सम्बोधन गर्ने, कोरिया जान सबै चरण पूरा गरी उडानका लागि पर्खाइमा रहेका नेपाली कामदारहरूलाई सहज ढंगबाट दक्षिण कोरिया पठाउन सहजीकरण गर्नुपर्ने विषय पनि छलफलमा समेटिएको थियो ।

क्रमशः पृष्ठ २ मा


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं
- गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरुमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# पाँच दिपंकर बुद्धको नगर परिक्रमासहित सम्यक दान

■ प्रभाव संवाददाता

**भक्तपुर–** भक्तपुर नगरपालिका-१ स्थित जयकीर्ति महाविहार (ययुबही) परिसर भूइख्यमा बौद्ध परम्पराअनुसार मंगलबार दिनभर बौद्ध धमावलम्बीले सम्यक दान पर्व मनाएका छन् ।

वौद्ध धर्मावलम्बीले ३५० वर्ष अघि अर्थात् नेपाल सम्बत् ७८७ भन्दा अघिदेखि प्रत्येक वर्ष माघ १ गते मनाउँदै आएको दानमध्येको महादान 'सम्यक दान पर्व' मंगलबार भव्यरूपमा मनाइएको हो । सम्यक महादान व्यवस्थापन सहयोग समितिले आयोजना गरेको उक्त पर्वमा पाँच दिपंकर बुद्धका मूर्तिलाई आ-आफ्नो महाविहारबाट विधिपूर्वक निकालेर दत्तात्रय, सुकुलढोका, दरबारस्क्वायर, दूधपाटी हुँदै जयकीर्ति बिहार पुऱ्याइएको थियो । पाँच दिपंकरलाई स्थानीय थथुवहिमा विराजमान गराइ बुद्ध ज्ञान प्राप्त शाक्य र बज्राचार्यका करिब दुई हजार भिक्षुलाई प्रसाद, चामललगायत परिकार दान दिएर पर्व मनाइएको समितिका अध्यक्ष गणेश बज्राचार्यले जानकारी दिए ।

समितिले मंगलबार नै पर्वका अवसरमा सोही स्थानमा आयोजना गरेको कार्यक्रममा 'ख्वपया सम्यक महादान' पुस्तक भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सार्वजनिक गरे । कार्यक्रममा नगरप्रमुख प्रजापतिले ऐतिहासिक एवं धार्मिक महत्त्व बोकेको यो पर्वको संरक्षण गर्नुपर्ने बताए। भक्तपुर दरबार क्षेत्रसँगै रहेको प्रसिद्ध चतुर्ब्रम्ह महाविहारका संघ सदस्य जयरत्न बज्राचार्यले नेपाल सम्वत् ७८७ मा आफ्ना दिवंगत पिता जयदेव बज्राचार्यको नाममा दिपंकर बुद्धलगायत विभिन्न विहारका संघ सदस्यलाई निमन्त्रणा गरेर सम्यक भोजनदान गरी यस पर्वको स्थापना गरेको शिलापत्रमा उल्लेख रहेको उनले बताए ।

जयरत्न बज्राचार्यबाटै नेपाल सम्बत् ७९४ मा जीर्ण रहेको जयकीर्ति महाविहारको जीर्णोद्वार गरी सोही वर्ष राजा जय जितामित्र मल्लको उपस्थितिमा सम्यक महादान पर्व सुरु भएको इतिहास उल्लेख छ । भगवान् दिपंकर बुद्धलाई अनुशरण गर्दै काठमाडौंमा प्रत्येक १२ वर्षमा एकपटक, ललितपुरमा प्रत्येक पाँच वर्षमा एकपटक र भक्तपुरमा प्रत्येक वर्ष माघ १ गते संक्रान्तिका दिन सम्यक महादान पर्व मनाइँदै आएको छ ।

सम्यक महादान पर्वमा विभिन्न परिकारमध्ये अन्तबाट बनेको परिकार, सागसब्जीका परिकार, मिठाइका परिकार, फलफूलका परिकार बनाएपछि त्यसलाई चढाएर दान गर्ने परम्परा छ। मूल दिपंकर, बाहाछे दिपंकर, भौरबही दिपंकर, ययुबही दिपंकर र कुथुबही दिपंकरलाई नगर परिक्रमा गराई दान ग्रहण एवं पूजासमेत ग्रहण गरिएको थियो । यसैगरी क्रमबद्धरूपमा विराजमान गराइएका चार सम्यक द्यो (सुवर्ण दिपंकरको मूर्ति), सुवर्ण चैत्य, स्थवीर आजु, मूल गुरुजु, गुरुजू र लामबद्ध भएर बसेका सयौं बज्राचार्य, बुद्धाचार्य र शाक्य परिवारका सदस्यलाई परम्पराअनुसार सम्यक दान दिइएको थियो ।

# अब हरेक तहमा सेवाप्रदायक संस्था रहने

**काठमाडौं (प्रस)–** स्वास्थ्य बिमा सेवाका लागि अब हरेक तहमा एउटा सेवाप्रदायक संस्था रहने भएका छन् । स्वास्थ्य बिमा ऐन, २०७४ मा भएको संशोधनअनुसार अब स्वास्थ्य बिमा बोर्डले सम्झौता गर्दा हरेक तहमा कम्तीमा एउटा सेवा प्रदायक संस्था रहने गरी सम्झौता गर्नुपर्ने व्यवस्था गरिएको छ ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले यससम्बन्धी संशोधन प्रस्ताव मन्त्रिपरिषद् बैठकमा लगेकामा स्वीकृत भई कानुन संशोधन भएको हो । संशोधित ऐनको व्यवस्थाअनुसार यसअघि बिमा सदस्य बने पनि पालिकामा सेवा लिन नपाउने समस्या अन्त्य हुने अपेक्षा गरिएको छ । ऐन संशोधनको प्रष्टीकरण खण्डमा 'यसअघि स्थायी ठेगाना भएको तहबाट रेफरल लिनुपर्ने भएकामा अबको व्यवस्थाले प्रथम सेवा बिन्दु भन्नाले बीमितले सर्वप्रथम स्वास्थ्य सेवा लिनेगरी रोजेको स्वास्थ्य संस्था सम्झनुपर्छ,' भनेर व्याख्या गरिएको छ ।

यस आधारमा अब बीमित कार्यरत क्षेत्रमा प्रथम बिन्दु कायम गर्न चाहेमा सम्भव हुने भएको छ । यसका लागि स्वास्थ्य बिमा नियमावलीसमेत संशोधन गर्ने गरी तयारी अघि बढेको मन्त्री पौडेलको सचिवालयले जनाएको छ । यसअनुसार नियमावली संशोधन भएपश्चात् कार्यरत स्थानबाट बीमा सुविधा लिन स्थायी ठेगाना भएको ठाउँमा जानैपर्ने अवस्था कम हुने विश्वास मन्त्रालयले गरेको छ । मन्त्री पौडेलले बीमित रहेकै स्थानबाट सेवा लिन मिल्ने गरी व्यवस्था गर्ने सार्वजनिक प्रतिबद्धता जनाएका थिए ।

मन्त्रालयका प्रवक्ता प्रकाश बुढाथोकीका अनुसार संशोधनमार्फत अब कार्यकारी निर्देशक नियुक्त नहुँदा सम्मका लागि वैकल्पिक व्यवस्था भएको छ । ऐनको (४) दफा २५ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छ । जसमा 'कुनै कारणले कार्यकारी निर्देशकको पद रिक्त भएमा दफा २२ को उपदफा (३) बमोजिम कार्यकारी निर्देशक नियुक्ति नभएसम्मका लागि कार्यकारी निर्देशकको रूपमा काम गर्न मन्त्रालयले मन्त्रालय र अन्तर्गतको नेपाल स्वास्थ्य सेवाको कम्तीमा एघारौं तहको कर्मचारीलाई खटाउन सक्ने' उल्लेख छ। यसले कार्यकारी निर्देशक नियुक्त नहुँदासम्म निमित्त कार्यकारीका सट्टा पूर्ण अधिकारसहितकै कार्यकारी निर्देशकका रूपमा कर्मचारी खटाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई बाटो खुला गरेको छ। यसले भावी दिनमा कार्यकारी निर्देशकको रिक्ततासम्बन्धी समस्या सम्बोधन गर्न सक्ने मन्त्री पौडेलको सचिवालयले जनाएको छ ।

## पृष्ठ १ बाट क्रमशः

### एमालेमा...

'दुई वर्ष पहिला भएको कुराकानी हो । साथीहरू आएर गुनासो गर्नुभयो । मैले जे भएको छ, त्यही कुरा बोलेको छु । कसैले रेकर्ड गरेको रहेछ । त्यतिबेला मैले आज भएन भने भोलि व्यवस्थापन हुन्छ भनेको हुँ,' उनले प्रभावसँग भने ।

सार्वजनिक भएको अडियोले आफूलाई केही पनि अप्ठेरो नहुने उनले बताए । एमाले पार्टी पनि नछाड्ने उनको भनाइ छ । 'होइन, मलाई यहीँ ठीक छ । म अहिले पनि पार्टीकै काममा छु । मलाई अडियोले केही असर गरेको छैन र पार्टी छाड्ने कुरा आउँदैन,' भट्टले भने । तर, अध्यक्ष ओलीबाहेकका नेताहरू माओवादीका बारेमा जथाभावी बोल्दा पीडा हुने गरेको उनले बताए । घोचपेचलेसमेत पीडा हुने उनको भनाइ छ । 'माओवादीबारे घोचपेच गर्नुहुन्छ । राम्रो लाग्दैन । अध्यक्षले त केही भन्नुभएको छैन,' उनले भने, 'तर, अरु नेताहरूले माओवादीका बारेमा जथाभावी भन्दा मन दुख्छ । पीडा हुन्छ । नभने हुन्थ्यो जस्तो लाग्छ ।'

भट्टसहित माओवादी नेताहरू रामबहादुर थापा, टोपबहादुर रायमाझी, मणि थापालगायत नेकपा विघटनपछि एमालेमा लागेका थिए । विघटनपछिका केही महिना पूर्वमाओवादीलाई आकर्षित गर्न ओलीले सरकारमा मन्त्री बनाउनेदेखि अनेक लाभका पद थमाइदिएका थिए । पूर्वजनमुक्ति सेनालाई आकर्षण गर्न पनि उनले अनेक गरे । तर, पार्टीको १०औं महाधिवेशनपछि अध्यक्ष ओलीले पूर्वमाओवादीहरूलाई टाढा न नजिक राखे । अनि, निष्क्रिय बस्दै आएका पूर्वमाओवादी नेता मणि थापाले गत वर्ष पार्टी छाडे । स्थायी कमिटी सदस्य रहेका थापालाई एमालेले पदमुक्त गरिसकेको छ ।

हालै सचिव भट्टले पनि एमाले छाड्ने चर्चा चलेको थियो । उनको गृहजिल्ला कैलालीको गोदावारी नगरपालिकाका ४६ जनाले पार्टी परित्याग गरेको र भट्टले पनि पार्टी परित्याग गर्ने हल्ला थियो । तर, उनले पार्टी नछाड्ने बताइसकेका छन् । त्यस्तो हल्ला भने नियोजित रूपमा माओवादीले चलाएको भन्दै आपत्ति जनाए । यद्यपि, माओवादी जनयुद्धलाई हेर्ने दृष्टिकोणमा पार्टी नेतृत्वसँग आफ्नो मतभेद रहेको उनले स्वीकारे । व्यवस्था परिवर्तनका लागि भएका बलिदान, योद्धालाई होच्याउने काम एमाले नेताबाट भए त्यसको विरोध गर्ने भट्टको भनाइ छ ।

'एमालेमा माओवादी जनयुद्धलाई हेर्ने दृष्टिकोणमा मतभेद छन् । त्यसमा मैले प्रतिवाद गर्दै आएको छु । जनयुद्धमा मेरो पनि योगदान छ । एमालेको नेतृत्वले जनयुद्धलाई हिंसा भन्दा हामीलाई पनि चित्त दुख्छ । त्यसको प्रतिवाद गर्दै आएको छु,' उनले भने । पूर्वमाओवादी नेता प्रभु साहले २०७९ को निर्वाचनअघि एमालेसँग विद्रोह गरेर छुट्टै पार्टी गठन गरेका छन् ।

हाल उनको नेतृत्वमा आम जनता पार्टी नेपाल छ । उनी नेकपा विघटनपछि भट्टसँगै एमालेमा बसेका थिए । तर, आमनिर्वाचनअघि उनले पनि एमालेसँग विद्रोह गरे । स्वतन्त्र रूपमा चुनाव लडे । जितेर संसद् आएपछि उनले दल गठन गरेका हुन् । लेखराज भट्टसँगै एमालेमा गएका सरल भाट माओवादीमा फर्केर २०७९ सालमा कञ्चनपुरबाट प्रदेशसभामा प्रत्यक्ष निर्वाचित भए । यतिमात्र होइन, एमालेमा पूर्वमाओवादीहरूलाई टिकट दिने कुरा र भूमिका दिने कुरामा पनि अन्याय भएको अर्को एक पूर्वमाओवादी नेताले बताए ।

■■■

### ओली सरकार...

माओवादी संसदीय दलको कार्यालयमा आयोजित विपक्षी दलहरूको बैठकबाट बाहिरिने क्रममा अध्यक्ष दाहालले ओलीको सरकार लामो नटिक्ने बताएका हुन् । चार दिनअघिमात्र शुक्रबार सिंहदरबारमा समाजवादी मोर्चा पुनः सक्रिय बनाउने छलफलमा पनि दाहालले यो सरकार धेरै दिन नटिक्ने दाबी गरेका थिए । 'यो सरकार अप्राकृतिक छ । अब यो चल्दैन, धेरै लामो जाँदैन,' दाहालले भनेका थिए । दाहालले भनेझैं अध्यादेश प्रकरण, चीनसँग गरेको बिआरआई फ्रेमवर्क सम्झौता र संविधान संशोधनमा ओलीको अनिच्छालाई देखाउँदै कांग्रेस नेताहरू सशंकित बनेका छन् ।

दाहालले यसअघि ओली नेतृत्वको सरकार आफैं कुहिएर झर्ने दाबी गरेका थिए । 'तपाईंहरू जसरी भ्रष्टाचारीहरूको रक्षाका लागि सुशासनको विपक्षमा बिचौलियाहरूको पक्षमा जाँदै हुनुहुन्छ, तपाईंहरू आफैं कुहिएर झर्नुहुने छ, हामीलाई दोष दिन पाउनुहुने छैन, हामीले सरकार ढाल्नका लागि यो खबरदारी कार्यक्रम गरेको पनि होइन,' काठमाडौंमा कात्तिक १० गते आयोजित माओवादीको खबरदारीसभामा दाहालले भनेका थिए ।

कात्तिक २६ गते दाहालनिवास खुमलटारमा माओवादीको पदाधिकारी बैठक बस्यो । उक्त बैठकपछि पनि दाहालले यो सरकार आफ्नै कारणले ढल्ने बताएका थिए । 'राष्ट्रियताको सवाल झनझन पेचिलो, झनझन जटिल भइरहेको छ । लोकतन्त्रका मूल्य, मान्यता र आदर्श कुल्चिने कुचेष्टा भइरहेको छ । जनजीविकाको सवालमा सरकार चुकिरहेको छ । यो सरकार त आफ्नै कारणले जान्छ जान्छ तर फेरि यो हामीले जनतालाई सही ढंगले परिवर्तनका पक्षमा, अग्रगमनका पक्षमा दिशा निर्देश गर्नुपर्छ,' दाहालले भनेका थिए ।

२०८० पुस ११ गते सरकार बनेको वर्ष दिनमा दाहालले भनेका थिए- यो गठबन्धन पाँच वर्षसम्मै जान्छ । आफ्नो सामाजिक सञ्जाल फेसबुक, वेबसाइटमा दाहालले यो विषयलाई प्राथमिकतासाथ राखेका छन् । पछिल्लो अभिव्यक्ति भने दाहालले आफ्नो पेज र वेबसाइटमा राखेका छैनन् । ओली नेतृत्वको सरकारले १०० दिन नपुग्दै दाहालले यो सरकार चाँडै ढल्ने बताएका थिए । यसबारे ओलीले आफू नेतृत्वको सरकारलाई काम गर्न नदिन यस्तो हल्ला फैलाएको प्रगति विवरणमा उल्लेख गरेका छन् । गत कात्तिक ७ गते सरकारको १०० दिने प्रगति विवरण जारी गर्दै प्रधानमन्त्री ओलीले भनेका थिए 'सरकार अहिले ढल्छ, भरे ढल्छ, भोलि बिहानै ढल्छ भन्नेजस्ता अफवाह पनि फैलाउने गरिएको छ । यो काम गर्न नदिने उद्देश्यले चलाइएको हल्ला हो । कांग्रेस र एमालेजस्ता इतिहास र हैसियत भएका दलहरू मिलेर बनेको सरकार ढल्ने दिवासपना कसैले नदेखे हुन्छ ।'

गत पुस ३ गते ओलीले दाहालको अभिव्यक्तिमाथि आक्रोश जनाएका थिए । देश स्थिरतातर्फ अघि बढेको बेला दाहालले धारे हात लगाएको ओलीको आरोप थियो । 'हामी सुशासन र विकास फेरि फर्काएर मुलुकलाई गन्तव्यमा लानेछौं । हाम्रो सरकारलाई सराप्नेहरू पनि नभएका होइनन् । सरकार अहिले ढल्छ, भरे ढल्छ भनेर धारे हात लगाउनेहरू छन्,' ओलीले भनेका थिए ।

कांग्रेस र एमाले मिलेर बनेको यो सरकार २०८४ को चुनावसम्मै टिक्ने गठबन्धनका दाबी छ । त्यसैले दाहालको भनाइ काग कराएको जस्तोमात्र भएको सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङ दाबी गर्छन् । 'राष्ट्रिय संकट निवारणका लागि हामी दुई पार्टी एक भइरहनुपर्छ भन्ने ठानेसम्म यो सरकार ढल्दैन । काग त कराउँदै गर्छ, पिना सुक्दै गर्छ, हात्ती लम्किँदै गर्छ, कुकुर भुक्दै गर्छ । यो यस्तै हो । सरकार गिर्छ, सरकार गिर्छ भनेको काग कराएजस्तै हो । यो सरकार चलिरहन्छ,' मन्त्री गुरुङले भने ।

■■■

### कोरिया जाने...

मन्त्री भण्डारीले परीक्षा उत्तीर्ण गरी रोस्टरमा रहेका सबै नेपालीलाई पठाउन र आगामी दिनमा कामदारको माग संख्या बढाउन अनुरोध गरेका थिए । जवाफमा योङले नेपालबाट निरन्तर कामदार लैजाने, रोस्टरमा नाम समावेश भएका व्यक्तिलाई उच्च प्राथमिकतामा लैजान पहल गर्ने आश्वासन दिएका थिए । आगामी दिनमा सीपयुक्त कामदार पठाउन सकिने समेत सम्भावना भएको उनको भनाइ थियो ।

परीक्षार्थीका विषयमा इपिएस कोरिया शाखाले प्रभावकारी ढंगबाट सहकार्य नगरेको भन्दै गत पुस २२ गते शाखाको कार्यालयमा युवाहरूले धर्ना दिएका थिए । त्यस्तै गत वर्षको आन्दोलनमा प्रहरीको गोलि लागि दुई जनाको ज्यानसमेत गएको थियो । इपिएस कोरिया शाखाले भने आफ्नो भूमिका समन्वयकारी मात्र भएकाले छनोट प्रक्रियामा आफूहरूको कुनै हात नहुने जवाफ दिँदै आएको छ ।


**इष्टर्न सुगर मिल्स लिमिटेड**
**अमाहीबेल्हा, सुनसरीको**
**अठ्ठाइसौं वार्षिक साधारण सभा बस्ने सूचना**

मिति २०८१।०८।३० गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थानः**
मिति : २०८१ साल माघ २५ गते, शुक्रबार
समय : बिहान ११:०० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, गणबहाल, काठमाडौं ।

**छलफलका विषयहरुः**
(क) आ.ब.२०८०।०८१ को वार्षिक प्रतिवेदन उपर छलफल र पारित गर्ने ।
(ख) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८१ साल आषाढ ३१ गतेको वासलात, नाफा नोक्सानी हिसाब तथा नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने ।
(ग) संचालक समितिबाट भए गरेका काम कारवाईहरुको अनुमोदन गर्ने ।
(घ) आ.ब.२०८१।०८२ का लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
(ङ) विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



**युएइमा रोजगार** कम्पनी : **FURMORIES FURNITURE L.L.C**
पूर्व स्वीकृति मिति : २०८१/०९/२८ LT. No. 317059 चलानी नं. ६०२३१३२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenter | 6 | 0 | 1500 | ५६,३६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Furniture Painter | 3 | 0 | 1500 | ५६,३६५ | | | | | | | |
| 3 | Furniture Upholstry Man | 1 | 0 | 1800 | ६७,३६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ९ गते (22nd Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-5918794, 9801041129
E-mail : info@ozoneoverseas.com, ozoneoverseasnepal@gmail.com, Web: www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बुधबार, ०२ माघ, २०८१

| | |
|---|---|
| मेष | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| वृष | सुखद् समाचारले उत्साह जगाउन छ । |
| मिथुन | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| कर्कट | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| सिंह | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| कन्या | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| तुला | दिगो कामको जग बसाउन सकिने छ । |
| वृश्चिक | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| धनु | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| मकर | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| कुम्भ | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| मीन | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०२ माघ, २०८१ (१५ जनवरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३७.०६ | १३७.६६ |
| युरो | १ को | १४१.१८ | १४१.८० |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.३९ | १६९.१२ |
| स्विस फ्रैन्क | १ को | १५०.२२ | १५०.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८४.९३ | ८५.३० |
| क्यानाडियन डलर | १ को | ९५.२४ | ९५.६६ |
| सिङ्गापुर डलर | १ को | १००.१३ | १००.५७ |
| जापानी येन | १० को | ८.६८ | ८.७२ |
| चिनियाँ युआन | १ को | १८.६९ | १८.७७ |
| साउदी अरब रियाल | १ को | ३६.५१ | ३६.६७ |
| कतारी रियाल | १ को | ३७.५९ | ३७.७६ |
| थाई भाट | १ को | ३.९६ | ३.९८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.३२ | ३७.४८ |
| मलेसियन रिङेट | १ को | ३०.४४ | ३०.५७ |
| दक्षिण कोरियन वन | १०० को | ९.३८ | ९.४२ |
| स्विडिस क्रोनर | १ को | १२.२९ | १२.३४ |
| डेनिस क्रोनर | १ को | १८.९२ | १९.०० |
| हङकङ डलर | १ को | १७.६२ | १७.६९ |
| कुवेती दिनार | १ को | ४४४.४३ | ४४६.३८ |
| बहराइन दिनार | १ को | ३६३.५६ | ३६५.१६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**खतवे परम्परा** | महोत्तरीको मटिहानीमा मंगलबार माघे संक्रान्ति (तिला सकराइट) का अवसरमा खतवे जातिको कुलदेवी सोसिया निकुंभियाको परम्परागत पूजामा तातो दूधले स्नान गरेर देवीलाई प्रशन्न गराउन दूध तताउँदै धामी परीक्षण खतवे । *तस्बिरः रासस*

# मनाइयो माघे संक्रान्ति

**काठमाडौं (प्रस)–** माघ महिनाको पहिलो दिन मंगलबार बिहान स्नान, जप, तप, ध्यान, साधना गरी घिउ, चाकु खाएर माघे संक्रान्ति पर्व मनाइएको छ । सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने संक्रान्ति अर्थात् माघ १ गते मकर (माघे) संक्रान्तिका नाममा वैदिक सनातन हिन्दू धर्मावलम्बीले कूल परम्पराअनुसार यो पर्व मनाउँदै आएका छन् ।

माघ १ गतेदेखि उत्तरायण सुरु हुने भएकाले दिनभन्दा क्रमशः रात छोटा हुँदै जान्छन् । उत्तरायण सुरु हुने दिनको स्नान, जप, तप, ध्यान साधना, दान आदिलाई पुण्यदायक मान्ने गरिएको छ । यसैले मंगलबारको दिन देवघाट, त्रिशूली, कालीगण्डकी, बागमती, इन्द्रावती, त्रिवेणी, रिडीलगायत स्थानमा माघ स्नान गर्ने भक्तजनको भीड लागेको थियो ।

तराईवासीले माघ १ लाई नहान अर्थात् नुहाउने पर्वका रूपमा मनाउँछन् । वर्षभर ननुहाउनेले पनि यस दिन भने अनिवार्य नुहाउनुपर्ने मान्यता राख्छन् । धर्मसिन्धुमा माघ १ मा घिउ, चाकु, तिलका परिकार, खिचडी नखाने, दान नगर्ने, जलाशयमा गई स्नान नगर्ने, ध्यान नगर्ने व्यक्ति जीवनभर रोगी हुने उल्लेख गरिएको धर्मशास्त्रविद् प्राडा देवमणि भट्टराईले बताए । संक्रान्तिका दिन शरीरमा तिलको तेलले मालिस गर्दा दूषित पदार्थ बाहिर निस्कन्छ भन्ने विश्वास छ ।

शरीरका नाडी, स्नायुमण्डल र हड्डीलाई तिलको तेलले मालिस गर्दा सुदृढ र स्वस्थ राख्न सकिने आयुर्वेद शास्त्रीय मान्यता छ । जाडो महिनामा घिउ, चाकु, तरुल, लड्डु, तिलौरीजस्ता परिकार खाँदा न्यानो हुनाका साथै स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने भएकाले यस पर्वलाई मानव स्वास्थ्यसँगसमेत जोडेर हेर्ने गरिन्छ । घिउ, चाकु, तरुल, लड्डु, तिलौरीजस्ता परिकारले मानव शरीरमा रोग प्रतिरोधी क्षमता बढाउन पनि सहयोग गर्ने आयुर्वेद डा. वंशदीप शर्मा खरेल बताउँछन् ।



## टुँडिखेलमा मगर र थारू समुदायको माघी कार्यक्रम

नेपालका आदिवासी जनजाति मगर र थारु समुदायले मंगलबार राजधानीको टुँडिखेलमा 'माघे संक्रान्ती'/माघी महोत्सव र सांस्कृतिक कार्यक्रम भव्यताका साथ मनाएका छन् । महोत्सवमा दुवै समुदायले आ-आफ्ना रहनसहन, वेशभूषा र जातीय पहिचान झल्कने साँस्कृतिक झाँकीसहित गीतसंगीत प्रस्तुत गरेका थिए ।

नेपाल मगर संघद्वारा आयोजित कार्यक्रममा मगर समुदायको पहिचान झल्कने घुमाउने घर र सो समुदायले प्रयोग गर्दै आएका कृषि औजारलगायत मौलिक र सांस्कृतिक रहनसहन वेशभूषा प्रदर्शनमा राखिएको थिए ।

उक्त अवसरमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष रेमश गुरुङले राजनीतिक, सामाजिक, भाषिक र सांस्कृतिक अधिकार प्राप्त गर्न मगर समुदाय एकताबद्ध भएर लाग्नुपर्ने बताए । संघका सल्लाहकार एवं संविधानसभा सदस्य अमरसिंह पुनले राणा र राजतन्त्रविरुद्ध एकताबद्ध भएर लडेका राजनीतिक दल र नेतृत्वले मुलुकको समृद्धिका निमित्त सामूहिक तथा एकताबद्ध भएर पहल गर्नुपर्नेमा जोड दिए । सांस्कृतिक संस्थानका महाप्रबन्धक किरणबाबु पुनले सांस्कृतिकरूपमा धनी मगर समुदायले संस्कृति संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणमा ध्यान दिनुपर्ने बताए ।

यस्तै थारु कल्याणकारीसभाले आयोजना गरेको 'थारु राष्ट्रिय माघी महोत्सव तथा सांस्कृतिक कार्यक्रम'मा थारु महिला लेहेंगा, चोली, कन्सेरी, झुम्का, बुँलाकी, पगिया र कारालगायत मौलिक पोसाक तथा गहनामा सजिएका थिए । थारु समुदायका कलाकारले झुमरा, मघौटा, धुमरु, डम्फु, छलिया र छोक्रा नाच प्रस्तुत गरेका थिए ।

प्राकृतिक स्रोतको रोयल्टी रकम

# प्रदेश र स्थानीय तहको हिस्सा बढाउने तयारी

**काठमाडौं (प्रस)–** प्राकृतिक स्रोतको सलामी रकम (रोयल्टी) बापतको राजस्व बाँडफाँटमा संघीय सरकारको अधिकार खुम्च्याएर प्रदेश र स्थानीय तहको हिस्सा बढाउने तयारी थालिएको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले 'प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँटको विद्यमान संरचनाको पुनरावलोकनसम्बन्धी अध्ययन प्रतिवेदन' सार्वजनिक गर्दै रोयल्टी बाँडफाँटसम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकनको तयारी भइरहेको जनाएको हो । आयोगले प्रतिवेदन सार्वजनिक गर्दै त्यसमाथि सुझाव मागेको छ ।

विद्यमान कानुनमा तहगत सरकारबीच रोयल्टी बाँडफाँटको अनुपात सबै प्राकृतिक स्रोतका लागि समान रहेकामा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम संघीय, प्रदेश र स्थानीय सरकारबाट बाँडफाँट गरिने प्राकृतिक स्रोतको रोयल्टीको हिस्सा क्रमश ५० :२५:२५ रहेको छ । अर्थात् अहिले प्राकृतिक स्रोतबाट प्राप्त राजस्वको बाँडफाँट गर्दा संघीय सरकारले ५० प्रतिशत र प्रदेश तथा स्थानीय सरकारले समान २५ प्रतिशत राजस्व पाउँछन् । त्यस्तै, विद्यमान कानुनमा तहगत सरकारबीच रोयल्टी बाँडफाँटको अनुपात सबै प्राकृतिक स्रोतका लागि समान रहेकामा अहिले संशोधन गरेर फरक-फरक बनाउन लागिएको छ ।

प्रतिवेदनद्वारा प्रस्तावित नयाँ व्यवस्थाअनुसार पर्वतारोहरणको रोयल्टी संघीय सरकारलाई ४९ प्रतिशत, सम्बन्धित प्रदेशलाई २२.५ प्रतिशत र सम्बन्धित स्थानीय तहलाई २८.५ प्रतिशत पुऱ्याउन लागिएको छ । त्यस्तै, विद्युत्को रोयल्टी संघीय सरकारलाई ४५.५, सम्बन्धित प्रदेशलाई २३ र स्थानीय तहलाई ३१.५ प्रतिशत बाँडफाँट गर्ने प्रस्ताव गरिएको छ ।

राष्ट्रिय वनबाट संकलन हुने रोयल्टी संघीय सरकारलाई २२.५, प्रदेशलाई ४८ र स्थानीय तहलाई २९.५ प्रतिशत बाँडफाँट गर्ने प्रस्ताव गरिएको छ । संरक्षित क्षेत्रको रोयल्टी संघीय सरकारलाई ४७.५, प्रदेशलाई २२ र स्थानीय तहलाई ३०.५ प्रतिशत उपलब्ध गराउने व्यवस्था गर्न उचित हुने प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, खानी तथा खनिजजन्य वस्तुबाट संकलित रोयल्टी संघीय सरकारलाई ३८.५, प्रदेशलाई २८ र स्थानीय तहलाई ३३.५ प्रतिशत उपलब्ध गराउने प्रस्ताव गरिएको छ । रेडियो फ्रिक्वेन्सी वितरणमार्फत् प्राप्त हुने राजस्वमा भने संघीय सरकारको अधिकार बढाउने प्रस्ताव गरिएको छ । रेडियो फ्रिक्वेन्सीबाट संकलित राजस्व संघीय सरकारलाई ५५.५, प्रदेशलाई २० र सम्बन्धित स्थानीय तहलाई २४.५ प्रतिशत पुऱ्याउन सकिने प्रतिवेदनमा उल्लेख छ ।

प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त रोयल्टी सम्बन्धित प्रदेश र स्थानीय तहमा बाँडफाँटका लागि आयोगले सरकारलाई सिफारिस गर्दै आएको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले रोयल्टी बाँडफाँटको अनुपातलाई आयोगले हरेक पाँच वर्षमा पुनरावलोकन गर्ने र सरकारलाई सिफारिस गर्ने व्यवस्था गरेको छ ।

# भक्तपुरमा १७ हजार किशोरीलाई 'एचपिभी' खोप लगाइँदै

**भक्तपुर (प्रस)–** जिल्लाका १७ हजार ६९१ किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध 'ह्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप लगाइने भएको छ । यही माघ २२ देखि आगामी फागुन ६ गतेसम्म देशभर सरकारले सुरु गर्न लागेको खोप अभियानअन्तर्गत भक्तपुरमा १० दखि १४ वर्ष उमेर समूहका किशारीको पहिचान गरी एचपिभी खोप लगाइने जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख शान्तिराम खतिवडाले जानकारी दिए ।

भक्तपुरका चार नगरपालिकामध्ये सूर्यविनायक नगरपालिकाका चार हजार १६२, भक्तपुर नगरपालिकाका छ हजार ७४२, मध्यपुरथिमि नगरपालिकाका चार हजार २०३ र चाँगुनारायण नगरपालिकाका दुई हजार ५८४ किशोरीलाई एचपिभी खोप लगाइने उनले जानकारी दिए । उनका अनुसार कक्षा ६ देखि १० सम्मका १६ हजार ६२८ र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका एक हजार ६३ किशोरीलाई खोप लगाइने छ ।

कार्यालयले खोप लगाउन खोप केन्द्र र जनशक्तिको विभाजन एवं तालिकासमेत सार्वजनिक गरेको छ । जसमध्ये सूर्यविनायकमा ६५ विद्यालय र ११ अन्य, भक्तपुर नपामा ७४ विद्यालय र छ अन्य, मध्यपुरथिमि नपामा ५६ विद्यालय र १० अन्य तथा चाँगुनारायण नपामा ४८ विद्यालय र १९ अन्य स्थान गरी कूल २४३ विद्यालय र ४६ अन्य ठाउँमा खोप केन्द्र निर्धारण गरिएको छ ।

खखोप अभियानलाई सफल पार्न कूल २८९ स्वास्थ्यकर्मी र ५७० स्वयंसेवक परिचालन गरिने भएको छ । कार्यालय प्रमुख खतिवडाका अनुसार जिल्लाका चारवटै स्थानीय तहसँग समन्वयात्मक कार्यक्रम गरी स्थानीय स्वयंसेवकलाई तालिम दिइसकिएको छ । खोप लगाउँदा कसैलाई स्वास्थ्यमा कुनै समस्या नआउने दाबी गर्दै उनले समस्या आइहालेमा उपचारका लागि भक्तपुर अस्पताल, ख्वप अस्पताल, सूर्यविनायक नगर अस्पताल, चाँगुनारायण नगर अस्पताल र नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा उपचार गरिने जानकारी दिए ।

सरकारले देशभरिका कक्षा ६ देखि १० सम्मका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार ९०० किशोरीलाई लक्षित गरी विश्व क्यान्सर दिवस (फेब्रुअरी ४) को सन्दर्भ पारेर एचपिभी खोप अभियान सञ्चालन गर्न लागेको हो । यो खोप लगाएपछि ९० देखि ९५ प्रतिशतसम्म पाठेघरको मुखको क्यान्सरबाट सुरक्षा प्रदान गर्ने बताइन्छ । महिलामा हुने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर नेपालमा पहिलो स्थानमा छ भने स्तन क्यान्सर दोस्रोमा पर्छ ।

भक्तपुर जिल्लामा खोप अभियानलाई सफल बनाउन स्थानीय तह र अन्य निकायसँग समन्वय भइरहेको छ । जिल्ला समन्वय समितिका सभापति ईश्वरबहादुर थापा, प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालगायतले अभियान सफल बनाउन आह्वान गरेका छन् ।

# ढुंगेधारामा बाह्रै महिना पानी झार्ने योजना



**ललितपुर–** ललितपुरका प्राचीन धरोहर लिच्छवीकालीन ढुंगेधारामा बाह्रै महिना पानी झार्ने योजना शीघ्र कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै ललितपुर महानगरपालिकाले लगनखेलबाट टीकाभैरवसम्म राजकुलो पुनर्निर्माण सुरु गरेको छ ।

राजकुलो विस्तारका लागि महानगरले २२ करोड रूपैयाँ बजेट छुट्याएको छ । महानगरका प्रमुख चिरिबाबु महर्जनले लगनखेलबाट टीकाभैरवसम्मको १४.२ किलोमिटर राजकुलो विस्तार जारी रहेको तथा हालसम्म छ करोड रूपैयाँको लागतमा ३.४४ किलोमिटर कुलो खनिएको जानकारी दिए । विसं २०२७ सालमा चक्रपथ विस्तार गर्ने क्रममा कुलो मासिएको उनले बताए ।

लगनखेलको सप्ताताल पोखरी पुनर्निर्माण गरी राजकुलोको पानी त्यहाँ जम्मा गरिने र त्यहाँबाट आसपासका ढुंगेधारामा पानी झार्ने महानगरको योजना उनले सुनाए । महानगरप्रमुख महर्जनका अनुसार ललितपुरमा हालसम्म ५० भन्दा बढी ढुंगेधारा छन् ।

आल्को हिटी, कोन्टी हिटी, च्यासः हिटी, टंग हिटी, पुच्व हिटी, जावलाखेल हिटी, लगनखेल हिटी, गइटल हिटी र मंगल हिटी सातौं शताब्दीमा निर्माण भएका हुन् । मंगल हिटीमा बाह्रैमास पानी आउने गरेको छ । ललितपुर महानगरपालिका-६ सुन्धाराका सन्तमान महर्जन ढुंगेधारामा बाह्रै महिना पानी ल्याउने योजना चाँडोभन्दा चाँडो कार्यान्वयन गर्नुपर्नेमा जोड दिन्छन् ।

ललितपुर महानगरपालिका-६ र वडा नं १७ मा पर्ने सुन्धारा टोलमा अवस्थित लिच्छवीकालदेखिको ऐतिहासिक सुन्धारा (लँ हिति) अहिले सुकेको छ । तीनवटा धारा रहेको सुन्धारामा सात महिनामात्रै पानी आउने स्थानीय राज श्रेष्ठ बताउँछन् । ललितपुरको सम्पदा र पहिचान जोगाउन 'ऐतिहासिक ढुंगेधारा संरक्षण गर्नु सबैको दायित्व' निर्वाह गर्नुपर्ने ठानेर २०६५ सालमा ललितपुर महानगरपालिका र स्थानीय जनसमुदायले लँ हिटी पुनर्निर्माण गरेका थिए । पुनर्निर्माणपश्चात बाह्रैमास धारामा पानी झरे पनि केही वर्ष यता पानी आउन छाडेको छ ।

ललितपुरका स्थानीय राजकुलो भत्काएर विभिन्न संरचना निर्माण गरिँदा ऐतिहासिक ढुंगेधारा सुक्ने अवस्थामा पुगेको बताउँछन् । ललितपुर महानगरपालिका-६ का स्थानीय रमेश श्रेष्ठ घर तथा सडक निर्माण गर्दा राजकुलो जोगाउनुपर्ने बताउँछन् । लिच्छिवीकालदेखिको इतिहास बोकेका ढुंघेधारा संरक्षण गर्नु ललितपुर महानगरसहित जिम्मेवार निकायले ध्यान दिनुपर्नेमा उनले जोड दिए । *रासस*


**कुवेतमा रोजगार** कम्पनी : BALANCE LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति : २०८०/०७/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०१ | LT. No. 294671 | चलानी नं. ६०२०९७२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 2 | 155 | ६९,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | NAIL TECHNICIAN | 0 | 2 | 150 | ६७,०५५ | | | | | | | |

कम्पनी : LAVERDE BEAUTY SALON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति : २०८१/०३/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०१ | LT. No. 306774 | चलानी नं. ६०२२१५४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE PEDICURE | 0 | 4 | 150 | ६७,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AZMI RESTAURANT AND CAFE LEBANON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०२/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०१ | LT. No. 305230 | चलानी नं. ६०२२०००६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 5 | 5 | 110 | ४९,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter/Waitress | 5 | 5 | 130 | ५८,११५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ९ गते (22nd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**युएइमा रोजगार** कम्पनी : ZAFAR KHAN TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/२९ | LT. No. 317102 | चलानी नं. ६०२३१३३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helper | 24 | 0 | 900 | ३३,९६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ ९ गते (22th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.
श्रम ईजाजत नं. ५५०/०६२/०६३
रानीबारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सत्ताको दाउपेजमा अल्झिएका नेताहरू

**नेपाली राजनीतिको मियो विकास हुनुपर्ने हो । तर शीर्ष नेताहरूको बोली सुन्दा यो सत्ताको दाउपेचबाहेक केही देखिन्न । कांग्रेसको सहयोगमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री हुँदा एमाले नेतृत्वले सरकार चाँडै ढल्ने ठोकुवा गर्थे भने एमालेको सहयोगमा हुँदा कांग्रेसले । अहिले दाहालको सरकार ढलेर एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री छन् । अब दाहाल पनि के कम– प्रायःजसो मञ्चमा ओली सरकार ढल्न कुनै समय बाँकी नरहेको ठोकुवा गर्छन् उनी । कहिले खबरदारीसभामा पुगेर सरकार कुहिएर झर्ने दाबी गर्छन् त कहिले पार्टीको बैठकमै ।**

**हुँदाहुँदा सोमबार सिन्धुपाल्चोकको सुकुटे पुगेका दाहालले मंगलबार ओली सरकार ढल्नै लागेको बताउन भ्याए । खासै काम नभएको सरकारलाई बरु दाहालले यस्तै अभिव्यक्ति दिएर काम दिएकोझैं देखिन्छ । किनकि प्रायजसो मञ्चमा प्रधानमन्त्री ओलीको काम हुन्छ– दाहालको भाषणको जवाफ दिनु ।**

**दाहालको दाबीलाई ओलीको जवाफ हुन्छ– काम गर्न नदिने प्रपञ्च । संयोग हो या सेटिङ, दुवै नेताको बोली सत्य सावित भइरहेको देखिन्छ । दाहालले काम गर्न नदिन भन्दै सरकार ढलिहाल्छ भनिरहने, यसको जुहारी खेल्दै ओलीले कामै नगर्ने । अहिले भइहेकै यही छ । कांग्रेस र एमाले मिलेर झण्डै दुईतिहाइको सरकार बनेको छ महिना पूरा भयो । तर सरकारले न त विकासका काम गर्न सक्यो न त संघीयता कार्यान्वयनमा लैजान आवश्यक कानुन बनाउन । बरु सदन खुलाउन छाडेर अध्यादेश ल्याउँदै सत्ता चलाइरहेको छ यो गठबन्धनले ।**

**विकासको नाममा कुनै परियोजना अघि बढाउन सकेको छैन । सरकार विद्युत् प्राधिकरणमा किचलो गर्ने, भर्खरै बन्दै गरेको पार्टीका सभापति रवि लामिछानेमाथि प्रतिशोध साँध्नेजस्ता सानातिना काममा अल्झेको देखिन्छ । शक्तिशाली पार्टी मिलेर सत्ता सञ्चालन भइरहेको बेला कूटनीति लाजमर्दो तरिकाले बिग्रेको छ । यस्तो अवस्थामा पनि न त कूटनीति सुधार्ने पक्षमा लागेको छ न त आफ्नो कमजोरी देखाउनै ।**

**कानुन बनाउन, समस्याका छिद्र पत्ता लगाउन जनताले चुनेर पठाएका प्रतिनिधिको यो तालले देशको उन्नति हुने चाल देखिन्न । देशको आर्थिक अवस्था दिनप्रतिदिन ओरालो लागेको छ । यस्तो अवस्थामा पनि सत्ताकै जुहारी चलाउनु विलकुल गलत छ । आफू जहाँ जस्तो अवस्थामा छ त्यहीबाट जनताको काम गरौं, देशको लागि काम गरौं । सरकार ढल्छ र टिक्छ भनेर भाषणबाजी छाडेर काममा खटे पक्कै जनताले पुरस्कृत गर्ने छ नै, नभए प्रस्ट छ जुनसुकै पार्टी होस् दण्डको भागीदार बन्नुपर्ने छ ।**

# एचएमपिभी भाइरस र हाम्रो अवस्था



■ डा. शेरबहादुर पुन

आजभोलि धेरै चर्चा अनि केही त्रसित बनाइरहेको एचएमपिभी भाइरसले समाचारमा विशेष स्थान बनाउँदै आइरहेको छ । अझ भारतीय सञ्चारमाध्यमहरूमा एकपछि अर्कोमा संक्रमण पुष्टि हुँदै गइरहेको भन्ने समाचारले नेपालमासमेत यो भाइरसप्रति चासो ह्वात्तै बढेको देखिन्छ । यो भाइरसले खासगरी हालै चीनमा सयौं मानिस बिरामी बनाएको, अस्पताल भरिएको, अनि मृत्युसमेत गराइरहेको भनिएको छ ।

चीनमा नै पहिलोपटक देखिएको कोभिड-१९ ले नेपाललगायत विश्वमा हजारौं मानिसको मृत्यु गराएको केही वर्षमात्र भएको हुँदा फेरि चीनमा फैलिएको भनिएको यो भाइरसले कतै कोभिड-१९ को बेलामा जस्तो अवस्था फर्काउने त होइन ? भन्ने चर्चा, जिज्ञासा अनि त्रासले सबैलाई तरंगित बनाएको छ । वास्तवमा चीनमा देखिएको भनिएको भाइरस के हो ? बन्दाबन्दी (लकडाउन)को सम्भावना कति छ ? कोभिड-१९ मा जस्तै मानवीय क्षति भोग्नुपर्ने अवस्था सिर्जना हुने त होइन भन्नेजस्ता जिज्ञासाहरू यतिबेला सर्वसाधारणमा उत्पन्न भएको देखिन्छ ।

> एचएमपिभी भाइरस खासगरी जाडो महिनामा बढी सक्रिय भई फ्लुजस्तो लक्षण देखाउने एक सरूवा रोग हो । हाल चीनमा यो भाइरसलाई महामारीको कारक मानिएको हल्ला व्यापक भए पनि यसको विश्वसनीय अधिकारिक पुष्टि भने हुन सकेको छैन । भारत तथा नेपालका लागि यो भाइरस नौलो होइन । तसर्थ, हाल भारतमा एकपछि अर्कोमा देखिँदै आइरहेको भनिएको एचएमपिभी भाइरस अनुमानित नै मान्नुपर्दछ । तर भारतमा अस्वाभाविक अस्पताल भर्ना गर्नुपर्ने बिरामी संख्यामा वृद्धि वा मृत्यु भएको अवस्था नदेखिएमा नेपाल त्रसित हुनुपर्ने कुनै आधार देखिँदैन ।

### कस्तो हो एचएमपिभी भाइरस ?


एक शब्दमा भन्नुपर्दा रुघाखोकी गराउने भाइरस हो भन्न सकिन्छ । खासगरी 'कमन कोल्ड' वा 'फ्लु'को जस्तो लक्षणहरू यो भाइरस संक्रमित बिरामीमा देखिने गर्दछ । अर्थात् यो भाइरसलाई श्वासप्रश्वाससँग सम्बन्धित संक्रमण पनि भन्न सकिन्छ । यो भाइरस पहिलोपटक सन् २००१ मा मानवमा पुष्टि भएको थियो। विशेषतः बालबालिकाहरू यो भाइरसबाट प्रभावित हुने भनिएता पनि ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरू पनि उत्तिकै प्रभावित हुन सक्ने विभिन्न अनुसन्धानहरूले देखाएका छन् । जाडो महिनामा यो भाइरस बढी सक्रिय हुने भए पनि १२ महिना नै देखिने गर्दछ । संक्रमण गरेको तीनदेखि छ दिनमा लक्षणहरू देखिने गर्दछ । सुरुआतमा खोकी लाग्ने, ज्वरो आउने, घाँटी दुख्ने, नाकबाट पानी आउने वा बन्द हुने तथा श्वासप्रश्वासमा समस्या देखिने गर्दछ । निमोनिया, ब्रोनकाइटिसजस्ता जटिलताहरू देखिने गर्दछ । यो विशेषतः संक्रमित व्यक्तिले खोक्दा वा हाच्छिउँ गर्दा, हात मिलाउँदा, संक्रमित व्यक्तिको मुखको छिटा कुनै वस्तुमा रहेको र अर्को व्यक्तिले सो वस्तु छोएर सो हातले नाक, मुख अनि आँखामा छुँदा यो भाइरस सर्न सक्दछ ।

एचएमपिभी भाइरसविरुद्ध विशेष एन्टिभाइरल औषधि छैन भने खोपको विकास पनि भइसकेको छैन । लक्षण तथा जटिलताका आधारमा यसको उपचार हुने गर्दछ । यो भाइरसको संक्रमणबाट बच्न विशेषगरी व्यक्तिगत सरसफाइमा नै ध्यान दिनु हो । यसको सर्ने तरिका धेरै हदसम्म कोभिड-१९ को जस्तै भएकाले बच्ने उपाय पनि उस्तै हुने गर्दछ । हात साबुनपानीले कम्तीमा २० सेकेन्डसम्म धुने, संक्रमित व्यक्तिको नजिक नजाने, हातलाई नाक, मुख र आखामा घरिघरि नलग्ने, खोक्दा वा हाच्छिउँ गर्दा हातको बाहुलीले छोपेर मात्र गर्ने, सार्वजनिकस्थलमा सकेसम्म नजाने र जानैपर्ने अवस्थामा मास्क लगाउने र फर्केपछि राम्ररी हात साबुनपानीले धुने गर्नुपर्दछ ।

### कस्तो छ छिमेकी मुलुकमा एचएमपिभी भाइरसको प्रभाव ?

अहिलेसम्म न त चीन सरकार न त विश्व स्वास्थ संगठनले नै अधिकारिकरूपमा एचएमपिभी भाइरसले गर्दा चीनमा महामारीको अवस्था सिर्जना भएको छ भनेर स्वीकार गरेको छ । अझ हालै रोयटर्सको 'फच्याक्ट चेक'को विश्लेषणले एचएमपिभी भाइरसले गर्दा चीनमा महामारीको अवस्था नआएको अनि स्वास्थ आपत्काल पनि घोषणा नगरिएको भन्ने तथ्य सार्वजनिक गरेको थियो । जाडो महिनामा विशेषतः श्वासप्रश्वाससँग सम्बन्धित लक्षणहरू देखिने हुँदा त्यसका कारक मानिने फ्लु, कोभिड-१९, आरएसभी भाइरस, माइकोप्लाज्मा निमोनियाजस्ता संक्रमणहरू भने देखिएको भनिएको छ । यी संक्रमणहरू सामान्यतयाः हरेक वर्षजसो जाडो महिनामा चीनमा मात्र नभएर नेपाललगायत विश्वका विभिन्न देशहरूमा देखिने गर्दछ ।

कोभिड-१९ 'प्यान्डेमिक'को समयमा भारतमा नयाँ 'भेरियन्ट' देखिँदा त्यसको केही हप्तामा नेपालमा पनि देखिने गर्दथ्यो । त्यसो हुनाले चीनमा महामारीको रूप लिएको भनिएको एचएमपिभी भाइरस भारतमा पनि देखिएको



समाचारले पक्कै पनि नेपाल तरंगित नहुने भन्ने कुरै भएन । तर एचएमपिभी भाइरस भारत तथा नेपालका लागि कुनै नौलो भाइरस भने होइन । यो भाइरस वास्तवमा विगतका वर्षहरूमा गरिएका विभिन्न अनुसन्धानबाट समुदायमा रहेको पुष्टि हुँदै आइरहेको थियो ।

नेपालमा गरिएका केही अनुसन्धानहरूले चारदेखि १३ प्रतिशतसम्म बिरामीमा यो भाइरस पुष्टि हुने गरेको देखाएको छ । यस अर्थमा पनि हाल भारतमा एकपछि अर्को एचएमपिभी भाइरस देखिनुमा कुनै विशेष वा त्रसित हुनुपर्ने आधार देखिँदैन । जाडो महिनामा यो भाइरसको परीक्षण नियमित गर्ने हो भने हरेक वर्षजसो नै देखिने सम्भावना प्रबल रहन्छ । नेपालमा पनि अहिले (जाडो महिनामा) परीक्षण गर्ने हो भने भारतमा जस्तो एकपछि अर्कोमा देखिने सम्भावना रहन्छ । यस हिसाबले भाइरस देखिनु आफैंमा महत्त्वपूर्ण वा त्रसित हुनुपर्ने अवस्था होइन तर यसको प्रभावले ठूलो प्रकोपको रूप लिन्छ वा लिँदैन भन्ने कुरा विशेष रूपमा लिनुपर्दछ । यद्यपि, संक्रमण हुनु आफैंमा राम्रो भने होइन । तसर्थ, यसबाट बच्ने उपायलाई भने कार्यान्वयन गर्नु उचित हुन्छ किनभने बालबालिका, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरूका लागि भने कहिलेकाहीँ यो भाइरसले घातक अवस्था सिर्जना गर्न सक्दछ ।

### कस्तो अवस्थामा हुन सक्छ एचएमपिभी भाइरस बढी संक्रामक ?

कुनै पनि सरुवा रोग कहिले पनि बढी संक्रामक वा घातक हुँदैन भन्न सकिँदैन । कतिपय संक्रमणहरू कहिले सामान्य त कहिले घातक हुने गरेको विगतका अनुभवहरू छन् । विशेषतः संक्रमणको जिनमा नै परिवर्तन भए बढी संक्रामक वा घातक हुने सम्भावना बढेर जान्छ । जस्तैः कोभिड-१९ निरन्तर र छिटो-छिटो जिनमा परिवर्तन हुँदा/देखिँदा बहुलहर देखिनाका साथै थप संक्रामक वा घातक भेरियन्टका रूपमा जन्म भएको थियो । यसर्थ, एचएमपिभी भाइरसमा यस्तै (कोभिड-१९ मा जस्तै) अवस्था नआउला भन्न सकिँदैन । श्वासप्रश्वाससँग सम्बन्धित भाइरसहरू विगतमा अनि भविष्यमा पनि सम्भावित प्यान्डेमिक संक्रमणका रूपमा हेरिँदै आइरहेको रोग हो । हाल एचएमपिभी भाइरसलाई सामान्य रोगका रूपमा लिएको भएता पनि भविष्यमा बढी संक्रामक तथा घातक नहोला भनेर भन्न सकिने अवस्था होइन । तसर्थ, यो भाइरसको नियमित र निरन्तर निगरानी आवश्यक देखिन्छ ।

अन्तमा, एचएमपिभी भाइरस खासगरी जाडो महिनामा बढी सक्रिय भई फ्लुजस्तो लक्षण देखाउने एक सरुवा रोग हो । हाल चीनमा यो भाइरसलाई महामारीको कारक मानिएको हल्ला व्यापक भए पनि यसको विश्वसनीय अधिकारिक पुष्टि भने हुन सकेको छैन । भारत तथा नेपालका लागि यो भाइरस नौलो होइन । तसर्थ, हाल भारतमा एकपछि अर्कोमा देखिँदै आइरहेको भनिएको एचएमपिभी भाइरस अनुमानित नै मान्नुपर्दछ । तर भारतमा अस्वाभाविक अस्पताल भर्ना गर्नुपर्ने बिरामी संख्यामा वृद्धि वा मृत्यु भएको अवस्था नदेखिएमा नेपाल त्रसित हुनुपर्ने कुनै आधार देखिँदैन । नेपालमा जाडो महिना लागेसँगै बालबालिकाहरूमा फ्लुको जस्तो लक्षणहरू देखिन सुरु भइसकेको छ । तसर्थ, नेपालमा पनि फ्लुसँगसँगै एचएमपिभी भाइरसको प्रयोगशाला परीक्षण गरियो भने भारतमा जस्तै नेपालमा पनि एकपछि अर्कोमा यो भाइरस नदेखिएला भन्न सकिँदैन, जुन हाम्रो लागि अनुमानित मान्नुपर्दछ । *रासस*

*(लेखक शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिटका संयोजक हुन्)*

**श्रम सरोकार**

## वैदेशिक रोजगार बोर्डले गर्ने कामबारे जानिराखौं

नयाँ अन्तर्राष्ट्रिय श्रमबजारको खोजीका लागि अध्ययन गर्ने, गराउने । वैदेशिक रोजगार प्रवर्द्धनका लागि सूचना संकलन, प्रशोधन र प्रकाशन गर्ने । वैदेशिक रोजगार कल्याणकारी कोषको परिचालन गर्ने गराउने । वैदेशिक रोजगारीमा गएका कामदारको हित संरक्षणसम्बन्धी आवश्यक कार्य गर्ने गराउने । विदेशबाट फर्की आएका कामदारको सीप, पुँजी र निजले सिकेको प्रविधि उपयोग गरी राष्ट्रहितमा लगाउने कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने ।

विभिन्न मुलुकसँग गरिने श्रम सम्झौतासम्बन्धी आवश्यक कार्य गर्ने, वैदेशिक रोजगार अभिमुखीकरण तालिम दिने संस्था दर्ता गर्न योग्यता तोक्नुका साथै तालिमको पाठ्यक्रम तर्जुमा र स्वीकृत गर्ने । वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा कामदार र व्यवसायीको हकहितको संरक्षण गर्ने सम्बन्धमा अवलम्बन गर्नुपर्ने अल्पकालीन र दीर्घकालीन नीति तर्जुमा गरी नेपाल सरकारसमक्ष पेस गर्ने । वैदेशिक रोजगार ऐनको कार्यान्वयन सम्बन्धमा समष्टीगत रूपमा अध्ययन गरी सरकारलाई सुझाव दिने साथै कानुनको पुनरावलोकन गर्नुपर्ने देखिएमा सोको पुनरावलोकन गरी आवश्यक सुधारका लागि सरकारलाई सुझाव दिने ।

सेवा शुल्क तथा प्रवर्द्धनको खर्च निर्धारण गर्ने सम्बन्धमा सरकारलाई परामर्श दिने । नेपाली कामदारले विदेशमा कमाएको आय सरल र सुलभ तरिकाले नेपाल भित्र्याउने सम्बन्धमा आवश्यक प्रबन्ध मिलाउनका लागि सरकारलाई परामर्श दिने । वैदेशिक रोजगारसम्बन्धी कानुनविपरीत कुनै काम कारबाही कसैबाट भए गरेको पाइएमा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने । इजाजतपत्र प्राप्त वैदेशिक रोजगार व्यवसायी, अभिमुखीकरण र सीपमूलक तालिम सञ्चालन गर्ने संस्थाको अनुगमन गर्ने गराउने । अनुगमन गर्दा वा गराउँदा कसैबाट ऐन वा यस ऐन अन्तर्गत बनेको नियमविपरीत कुनै काम भएको पाइएमा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

वैदेशिक रोजगारको अवसर तथा जोखिम वारे अध्ययन अनुसन्धान गर्ने, गराउने । कामदारको सामाजिक सुरक्षा रणनीति तथा कार्य योजना तयार गर्ने, गराउने । वैदेशिक रोजगारमा गएका महिला कामदारका निमित्त सुरक्षित गृहको स्थापना गरी सञ्चालन गर्ने, गराउने । *क्रमशः*

पृष्ठ १ बाट क्रमशः

## सरकारको निर्देशन मान्दैनन् बैंक तथा वित्तीय संस्था

नेपाल राष्ट्र बैंकले केही समयअघि सबै बैंकलाई परिपत्र गर्दै भनेको थियो, 'ऋणीहरूको फोटो पत्रिकामा नछाप्नू । कालोसूचीमा परेका व्यक्तिहरूको पनि बैंक खाता खोलिदिनू ।' बैंकहरूले फोटोसहित ऋणीको विवरण छाप्दा उनीहरूलाई मानसिक तनाव हुने भएकाले राष्ट्र बैंकले त्यसो नगर्न भनेको हो । राष्ट्र बैंक सरकार हो । तर, सरकारको निर्देशन बैंकहरूले मानेका छैनन् । राष्ट्रिय दैनिकमा फोटोसहित तीनपुस्ते विवरण निकाल्ने क्रम जारी छ । कालोसूचीमा परेका व्यक्तिहरूले बैंक खाता खोल्नबाट वञ्चित छन् । डेढ लाखभन्दा बढी ऋणीहरू कालोसूचीमा परिसकेका छन् । उनीहरूले खाता त खोल्न पाएनन्, साथै पेन्सन र भत्ता पनि निकाल्न पाएका छैनन् ।

साथी, आफन्त भनेर सर्वसाधारण ऋणीको जमानी बसिदिन्छन् । बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको ऋणीको सहयोग गरेको भरमै कालोसूचीमा हालिदिनु न्यायोचित हो त ? ऋणीले ऋण तिरेनन्, जमानी बस्नेको के दोष ? वित्तीय संस्थाले आफू कमाउनका लागि ऋण प्रवाह गर्छ । सरकारले तोकेकोभन्दा बढी सेवा शुल्क र ब्याज लिन्छ । अनि केही किस्ता तिर्न नसक्नेबित्तिकै राष्ट्रिय पत्रिकामा फोटो छापेर समाजमा हिँड्नै नसक्ने बनाइदिन्छ । त्यो व्यक्ति सरकारबाट पाउनुपर्ने सेवासुविधाबाट समेत वञ्चित हुन्छन् । सरकारले जहिले पनि व्यवसायीको पक्षमा निर्णय गर्छ ।

बैंक तथा वित्तीय संस्थाले सेवा गरेको भने पनि आखिर गरेको व्यापार हो । त्यस्तो संस्थाका लागि राज्यले जनतालाई दुःख दिने काम गरिरहेको छ । सरकार नागरिकको अभिभावक हो । नागरिकको हकअधिकारको संरक्षण गर्नु सरकारको दायित्व हो । नेपालको संविधानले नै जनताको हकअधिकार सुनिश्चित गरेको छ ।

बैंक तथा वित्तीय संस्थाको फाइदाका लागि जनताको हकअधिकार नै खोसिदिने ? सबै बाटो बन्द गरिदिएपछि ऋणीले ऋण तिर्छ कहाँबाट ? कालोसूचीमा परेको व्यक्तिले बैंक खाता खोल्न पाउँदैनन् । उसले सरकारबाट पाउनुपर्ने सेवासुविधा रोकिन्छ । अर्कोतर्फ उसले सरकारी जागिर खान पाउँदैनन् । विदेश जानमा अंकुशे लाग्छ । सबैतिर रोक भएपछि उसले चाहेर पनि ऋण तिर्न सक्दैन । देशको जनसंख्यामध्ये ९५ प्रतिशतले आफ्नो जायजेथा धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका छन् । भोलि उनीहरूले ऋण तिर्न सकेनन् भने के गर्ने ? कालोसूचीमा राख्ने अनि सरकारी सेवासुविधामा रोक लगाइराख्ने ?

सरकारले जनताको समस्या बुझिदिएन । बैंक तथा वित्तीय संस्थाले नियम कानुनको पालना गरेको छैन । फाइदा लिएर आँखा चिम्लेर ऋण प्रवाह गऱ्यो । ऋण तिर्न नसक्दा उनीहरूको सबै माध्यम बन्द गरिदियो । त्यसमा साथ दियो सरकारले । बैंकले जसोजसो भन्यो, सरकारले त्यसो त्यसो गरेको छ । वित्तीय संस्थाको फाइदा मात्र सरकारले हेर्ने होइन । सरकार जनताको पनि हो । उसको सबै ढोका बन्द भएपछि ऋणीले कसरी पैसा फिर्ता गर्छ ? यो त सरकारले बुझ्नुपर्ने हो । उसको कमाउने माध्यम नै भएन भने उसले ऋण चुक्ता गर्नै सक्दैन । वित्तीय संस्थाले सधैं मिटरब्याजमा कर्जा लगानी गरे ।

भन्ने बेला ब्याज १६ प्रतिशत, उठाउने बेला ८० प्रतिशत । तीन किस्ता नतिर्नेबित्तिकै करोड पर्ने धितो लाखमै पचाइदिन्छन् । वित्तीय संस्थाको ठगीधन्दा अति भएपछि पीडितहरूले आवाज उठाउन थालिसकेका छन् । विगतमा वित्तीय संस्थाले जे गरे पनि पीडितहरू मुखमा बुझो लगाएर बसेका थिए ।

उनीहरू चुपचाप सहन बाध्य थिए । वित्तीय संस्थाका कारण धेरैले आत्महत्या गरे । तर, वित्तीय संस्थामाथि कुनै कारबाही भएन । उल्टै सरकार उनीहरूकै भलो हुने ऐनकानुन बनाउँदै गयो । तर, भनिन्छ नि, 'अतिले खति गर्छ ।' वित्तीय संस्थाको दादागिरी अति भएपछि पीडितहरू बोल्न थालेका छन् । सडकमा उत्रिन सुरु गरेका छन् । आफूले खाएको नदेख्ने वित्तीय संस्थाले ऋणीलाई जसरी हुन्छ नंग्याउँछ । पत्रिकामा फोटो निकालेर र घरको गेटमा सूचना टाँसेर बदनाम गरिदिने । आफन्तको अगाडि उसलाई नंग्याइदिने । अनि राज्यबाट पाउने सेवासुविधा रोकिदिने । चारैतिरबाट घेरिएपछि मान्छेले के गरोस् ?

उसले बाध्य भएर आफ्नो धितो छोडिदिन्छ । बैंकले करोडौंको धितो लाखमा खाएर ऋणीलाई सडकछाप बनाइदिन्छ । सरकारले कालोसूचीमा राख्ने कार्य हटाउनुपऱ्यो । कुन व्यक्ति कालोसूचीमा परेपछि उसलाई मानसिक तनाव हुन्छ । उसले केही गर्नै सक्दैन । उसले काम गर्न छोडेपछि उसको परिवारको बिचल्ली हुन्छ । तनाव सहन नसकेर उसले या उसको परिवारले आत्महत्या गर्न सक्छ । त्यतिबेला को जिम्मेवार हुन्छ ? ऋण उठाउनका लागि ऋणीलाई मर्न बाध्य बनाउन मिल्छ ? एउटा नागरिक बनाउन राज्यको कति लगानी लागेको हुन्छ ? उसको परिवारले कति दुःख गरेको हुन्छ ।

अनि बैंक तथा वित्तीय संस्थाको तनावमा कारण उसले केही गऱ्यो भने परिवारलाई त क्षति हुन्छ नै । साथै, राज्यले गरेको लगानी पनि बालुवामा पानी हुन्छ । हरेक नागरिकको गोपनीयता हुन्छ । नेपालको संविधानले हरेक नागरिकको बाँच्ने अधिकार सुनिश्चित गरेको छ । ऊ स्वतन्त्र भएर इज्जतका साथ हिँड्न पाउँछ । उसको हकअधिकारमा अंकुशे लगाउने अधिकार बैंक तथा वित्तीय संस्थालाई किन दिएको ? बैंक तथा वित्तीय संस्था संविधानभन्दा माथि हो ?

बैंक तथा वित्तीय संस्थाकै कारणले धेरैले आत्महत्याको बाटो रोज्छन् । राजनीतिक दलहरूको यसतर्फ ध्यान जाओस् । 'सानालाई ऐन, ठूलालाई चेन' को अवस्था नबनोस् ।

**- अनुसा थापा, भक्तपुर**

**जानकारी**

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -*संपादक*

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**बाह्रकुने दह मेला** | दाङको घोराही उपमहानगरपालिका–१३ स्थित प्रसिद्ध धार्मिकस्थल बाह्रकुने दहमा माघेसक्रान्तिका अवसरमा मंगलबार लागेको मेलामा सर्वसाधारणको घुइँचो । माघी पर्वमा हरेक वर्ष यहाँ ठूलो मेला लाग्ने गर्छ । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# सपना अधुरै छाडेर अस्ताए चुङ्बा

■ सुवास दर्नाल

**सोलुखुम्बु–** चुङ्बा शेर्पा केही दिनअघिदेखि वन्यजन्तुको फोटो खिच्न इन्डोनेसिया जाने तयारीमा थिए । उनले १० दिनपहिले नै यात्राका लागि आवश्यक तयारी पूरा गरेका थिए । पारिवारिक स्रोतका अनुसार उनले प्लेन टिकट पनि लिइसकेका थिए ।

यस यात्रालाई उनले फोटोग्राफी जीवनकै महत्त्वपूर्ण यात्राको रूपमा लिएका थिए । तर उनी एक साताअघि अचानक बिरामी परे । कलेजोसम्बन्धी समस्याले ग्रसित बनेपछि उनलाई काठमाडौंको ग्रान्डी अस्पतालमा भर्ना गरियो । भेन्टिलेटरमा उपचाररत शेर्पाले ६४ वर्षको उमेरमा आइतबार राति १२:१५ बजे अन्तिम सास फेरे । बाँकी सपना सधैंका लागि अधुरो छाडेर उनी स्वर्गीय भए ।

खुम्बु पासाङल्हामु गाउँपालिका-१ लुक्लामा जन्मिएका शेर्पा 'वाइल्डलाइफ फोटोग्राफी'को क्षेत्रमा पछिल्लो पाँच वर्षदेखि सक्रिय थिए । उनले नेपालका विभिन्न राष्ट्रिय निकुञ्ज र दुर्गम स्थानमा पुगेर दुर्लभ वन्यजन्तुका तस्बिर खिचेका छन् । उनले खिचेको जंगली याक, हिउँचितुवा र बाघका तस्बिरले राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा चर्चा कमाएका छन् । चुङ्बाको जीवन संघर्ष र उपलब्धि जो कोहीका लागि प्रेरणादायी छ ।

विसं २०४० मा तत्कालीन चौरीखर्क गाउँ पञ्चायतका प्रधानपञ्चबाट उनको सार्वजनिक जीवनको सुरुआत भएको थियो । बहुदल आएपछि नेपाली कांग्रेसमा प्रवेश गरेका शेर्पा पछिल्लो समय खुम्बु पासाङल्हामु गाउँपालिका समितिका सभापति थिए । उनले शिक्षा, स्वास्थ्य र खानेपानीका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् ।



लुक्ला विमानस्थलदेखि चौरीखर्कमा माध्यमिक विद्यालय स्थापनामा उनको ठूलो योगदान रहेको खुम्बु पासाङल्हामु गाउँपालिका-१ का वडाध्यक्ष फुनुरु शेर्पाले बताए । उनले भने, 'खुम्बुको एउटा धरोहर गुमायौं, उहाँ असाध्यै सहयोगी र दयालु हुनुहुन्थ्यो, कुनै लोभलालच र स्वार्थविना अथक समाजसेवा गर्ने मान्छे हामीले सायद पाउँदैनौं होला ।'

सगरमाथा राष्ट्रिय निकुञ्ज नाम्चे सोलुखुम्बुका तत्कालीन प्रमुख संरक्षण अधिकृत भूमिराज उपाध्यायले चुङ्बा शेर्पाको योगदानलाई सम्झँदै प्रतिक्रिया दिएका छन् । उनले भने, 'चुङ्बा शेर्पा नेपालमा मात्रै नभई विश्वभर ख्यातिप्राप्त प्रतिभाशाली वाइल्डलाइफ फोटोग्राफर हुनुहुन्थ्यो । उहाँको फोटोग्राफीले वन्यजन्तु पर्यटन प्रवर्द्धनमा ठूलो भूमिका निर्वाह गरेको छ ।' चुङ्बा कुनै सामान्य फोटोग्राफर नभएर प्रकृतिप्रति गहिरो माया गर्ने व्यक्ति भएको उपाध्यायको ठम्याइ छ । चुङ्बा ५७ वर्षको उमेरमा वाइल्डलाइफ फोटोग्राफीमा होमिएका थिए । लामो समयसम्म यती एयरलाइन्समा जागिर र होटल व्यवसाय सफलतापूर्वक सञ्चालन गरेका उनी छोराछोरीलाई सबल बनाइसकेपछि सानैदेखिको सपना पूरा गर्न फोटोग्राफीमा लागेका थिए ।

उनले क्याननको उच्चस्तरीय क्यामरा र लेन्स प्रयोग गर्न विदेशीहरूबाट अनलाइन कक्षा लिएका थिए । वन्यजन्तुका फोटो खिच्न शेर्पाले धेरै जोखिम मोलेका थिए । जंगली याकको फोटो खिच्ने क्रममा उनलाई याकले आक्रमण गरेको उनले आफ्नो अन्तर्वार्तामा भनेका छन् । बाघको फोटो खिच्दा पनि बाघले झम्टिएपछि भागेर ज्यान जोगाएका थिए । नेपालको निकुञ्ज विभागले देशैभरका संरक्षित क्षेत्रमा फोटो खिच्न उनलाई अनुमति दिएको थियो ।

शेर्पाले सबैभन्दा बढी चितवन राष्ट्रिय निकुञ्जमा ३३ पटक फोटो खिचेको वडाध्यक्ष फुनुरु बताउँछन् । उनले तिब्बतसँगको सिमाना लिमी भ्याली पुगेर दुर्लभ जंगली याकको सुन्दर तस्बिर खिचेका थिए । यसअघि नरेश कुसीको टिमले जंगली याकलाई क्यामरामा कैद गर्न सफल भएको थियो । वाइल्डलाइफ फोटोग्राफरका रूपमा चुङ्बाले खिचेको तस्बिर नै हालसम्मकै सुन्दर भएको जानकार बताउँछन् । शेर्पाले नेपालको पर्यटन प्रवर्द्धनमा ठूलो योगदान पुऱ्याएका छन् । नेपाल पक्षी संरक्षण संघ, राष्ट्रिय प्रकृति संरक्षण कोष, नेपाल पर्यटन बोर्डजस्ता थुप्रै संस्थाबाट उनले सम्मान प्राप्त गरेका छन् ।

शेर्पाका दुई छोरा र दुई छोरी छन् । जेठा छोरा छेवाङ शेर्पा चिकित्सक हुन् भने छोरी बन्दाफुटी शेर्पा जहाजकी क्याप्टेन छिन् । पत्नी आङफुटी शेर्पाको निधन १० महिनाअघि भएको थियो भने छोरी मिङ्मा शेर्पाको पाठेघरको क्यान्सरबाट डेढ वर्षअघि निधन भएको थियो । उनका परिवारका सदस्यहरूका अनुसार शेर्पाले फोटोग्राफीबाट कहिल्यै आर्थिक लाभको अपेक्षा गरेनन् । आफ्नो फोटाहरूले नेपालको वन्यजन्तु संरक्षण र पर्यटन प्रवर्द्धनमा योगदान दिन सकून् भन्ने उनको चाहना थियो । *रासस*

# काभ्रे र सिन्धुपाल्चोकमा विषादीको प्रयोग घट्यो : प्रतिवेदन

**काभ्रेपलाञ्चोक (प्रस)–** काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकमा तरकारीसहित अन्य खाद्यबालीमा प्रयोग हुने कीटनाशक तथा अन्य विषादी प्रयोगमा कमी आएको प्रतिवेदनले देखाएको छ । जिल्ला कृषि विकास कार्यालय काभ्रेपलाञ्चोकद्वारा सार्वजनिक गरिएको उक्त प्रतिवेदनमा यी दुई जिल्लामा पछिल्लो वर्ष विषादीको खपत तथा प्रयोगमा कमी आएको उल्लेख गरिएको छ ।

कार्यालयका प्रमुख कुलप्रसाद दवाडीका अनुसार पछिल्लो आर्थिक वर्ष २०८०/८१ मा काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकमा अघिल्लो आवको तुलनामा समग्रमा विषादी खपत र प्रयोगमा कमी आएको छ । दवाडीद्वारा प्रस्तुत प्रतिवेदनमा आव २०८०/८१ मा काभ्रेपलाञ्चोकमा कीटनाशक धूलो/दानादार विषादी १० हजार ५०० किलोग्राम, तरल विषादी नौ हजार लिटर, ढुसीनाशक धूलो-दानादार ३८ हजार १०० किलोग्राम, तरल विषादी १० हजार ३० लिटर, झारनाशक धूलो-दानादार तीन हजार ५०० किलोग्राम, तरल विषादी चार हजार ३०० लिटर खपत भएको उल्लेख गरिएको छ ।

यस्तै जैविक विषादी धूलो-दानादार ९०० किलोग्राम, तरल विषादी दुई हजार लिटर र अन्य धूलो-दानादार विषादी २५० किलोग्राम र एक हजार लिटर तरल विषादी खपत भएको प्रमुख दवाडीले जानकारी दिए । उनका अनुसार आव २०७९/८० मा भने काभ्रेपलाञ्चोकमा धूलो/दानादार विषादी ५६ हजार १६० किलोग्राम र तरल विषादी २८ हजार ९६४ लिटर प्रयोग गरिएको थियो ।

यसैगरी सिन्धुपाल्चोकमा आव २०८०/८१ मा कीटनाशक धूलो/दानादार विषादी चार हजार ४०५ किलोग्राम, तरल विषादी तीन हजार लिटर, ढुसीनाशक धूलो/दानादार १५ हजार २० किलोग्राम, तरल विषादी पाँच हजार ३२५ लिटर, झारनाशक धूलो/दानादार ८०० किलोग्राम, तरल विषादी एक हजार ९२० लिटर विषादी खपत भएको जनाइएको छ। यस्तै जैविक विषादी धूलो/दानादारतर्फ ४०० किलोग्राम, तरल विषादी ९१५ लिटर र अन्य धूलो/दानादार विषादी २५० किलोग्राम र ३१२ लिटर तरल विषादी खपत भएको थियो ।

अघिल्लो आव २०७९/८० मा भने सिन्धुपाल्चोकमा धूलो/दानादार विषादी २३ हजार १७५ किलोग्राम र तरल विषादी १५ हजार ७७० लिटर खपत भएको थियो । प्रतिवेदनमा अघिल्लो आवको तुलनामा पछिल्लो आवमा दुवै जिल्लामा केही मात्रामा झारनाशक धूलो/दानादार विषादी प्रयोग बढेको जनाइएको छ ।

कार्यालय प्रमुख दवाडीले पछिल्ला केही महिनादेखि तरकारीसहित अन्य खाद्यबालीमा प्रयोग हुने कीटनाशक तथा अन्य विषादी प्रयोगमा न्यूनीकरण गर्ने उद्देश्यले विषादी व्यवस्थापन तथा नियमनसम्बन्धी दुवै जिल्लाका सरोकारवालासँग संयुक्त छलफल गरेका कारण पछिल्लो समय विषादीको खपत तथा प्रयोगमा कमी आएको दाबी गरे । 'यस्ता छलफललाई निरन्तरता दिँदै गइने छ, चालु आवमा पनि बितेको आवझैं विषादी प्रयोगमा कमी भएको तथ्यांक प्रस्तुत गर्न सकियोस् भन्ने अपेक्षा गर्दैछौं,' उनले भने ।

# पोखरामा मानसिक अस्पताल स्थापना गर्ने पहल

**गण्डकी (प्रस)–** पोखरामा मानसिक स्वास्थ्य प्रवर्द्धन केन्द्र निर्माणका लागि पहल सुरु गरिएको छ । प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय र जिल्ला समन्वय समिति कास्की मिलेर उक्त केन्द्र निर्माणका लागि प्रारम्भिक तयारी थालेका हुन् । स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले मानसिक स्वास्थ्य समस्या दिनप्रतिदिन बढ्दै गएकाले प्रदेशस्तरमा सुविधायुक्त मानसिक अस्पताल आवश्यक भएको बताए ।

'गण्डकी प्रदेशमा मानसिक स्वास्थ्य समस्याकै कारण औसतमा दैनिक दुई जनाले आत्महत्या गर्ने गरेको आँकडाले देखाएको छ, जुन अत्यन्त दुःखद् छ,' उनले भने, 'रोगको निदान, परामर्श, उपचारलगायतमा गुणस्तरीय सेवा प्रदान गर्नेगरी मानसिक स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापनाका लागि तयारी अगाडि बढाइएको हो ।' पोखराको सिर्जनाचोकमा रहेको जिल्ला समन्वय समितिको जग्गामा उक्त केन्द्र निर्माण गर्न छलफल भइरहेको उनको भनाइ छ ।

हालै संघ सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव, प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयका सचिव, महानिर्देशक, महाशाखा प्रमुख, जिल्ला समन्वय समितिका प्रमुखलगायतको बैठकले केन्द्र निर्माणका लागि आवश्यक सबै तयारी र पहल अगाडि बढाउने निर्णय गरेको मन्त्री पाठकले बताए । 'यो विषयमा मुख्यमन्त्री र अन्य विकास साझेदारसँग पनि छलफल भइसकेको छ, गण्डकी प्रदेशमा मानसिक अस्पताल बनाउनुपर्नेमा सबैको एकमत छ, यसमा हामी निरन्तर लागिपर्छौं,' उनले भने ।

जिल्ला समन्वय समितिका प्रमुख लीलाधर पौडेलले मानसिक स्वास्थ्य प्रवर्द्धन केन्द्र निर्माणका लागि विभिन्न प्रारम्भिक छलफल चलिरहेको बताए । 'प्रदेश सरकार र जिससको संयुक्त पहलमा काम अगाडि बढाउनेगरी चरणबद्ध रूपमा छलफल भइरहेको छ, यसले साकार रूप लिनेमा हामी आशावादी छौं,' उनले भने, 'रोगको उपचार गर्ने अस्पतालका रूपमा मात्र नभएर समग्र मानसिक स्वास्थ्य प्रवर्द्धन केन्द्रका रूपमा विकास गर्नुपर्नेमा हाम्रो जोड छ ।'

अन्य अस्पतालहरूबाट मानसिक रोगको उपचार तथा परामर्श सेवा प्रदान गरिए पनि गण्डकी प्रदेशमा मानसिक रोगसम्बन्धी छुट्टै विशिष्टीकृत अस्पताल अहिलेसम्म बनेको छैन । प्रदेशको स्वास्थ्य मन्त्रालयको अल्पकालीन योजनामा भने प्रदेश सरकार मातहतका अस्पतालमा मानसिक रोगको उपचार सेवाको विस्तारका साथै मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गरिने उल्लेख छ । मन्त्रालयले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तय गरेको छ ।

# शिक्षकलाई निजामती सेवासरह सुविधा दिन माग

कर्णाली (प्रस)- 'विद्यालय शिक्षा विधेयक-२०८०' सम्बन्धी कर्णाली प्रदेशस्तरीय छलफलमा शिक्षकको सेवा सुविधा, सरुवा, बढुवा, विद्यालय व्यवस्थापन समितिको पदावधि, शैक्षिक नीति, पाठ्यक्रम, स्थानीय भाषा र उनीहरूको मर्यादाक्रम पनि ऐनमै व्यवस्था गर्न माग गरिएको छ । संघीय संसद्अन्तर्गत प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिद्वारा सोमबार कर्णाली प्रदेशको राजधानी सुर्खेत वीरेन्द्रनगरमा आयोजित 'विद्यालय शिक्षा विधेयक-२०८०' बारेमा प्रदेशस्थित सरोकारवालाको सहभागितामा सुझाव संकलन गरिएको हो ।

उक्त अन्तरक्रियामा जनतमूना मावि सुर्खेतका प्रधानाध्यापक यामबहादुर श्रेष्ठले संविधानमा लेखिएका कुरा वस्तुगत र व्यावहारिक कार्यान्वयन गर्न माग गरे । उनले आधारभूत तह स्थानीय सरकार, मावि प्रदेश र त्यसभन्दा माथिको शिक्षाका विषयमा संघीय सरकारले अपनत्व लिनेगरी कानुन निर्माण गर्नसमेत सुझाए । अमरज्योति मावि नेवारका प्रधानाध्यापक खगेन्द्र थापाले शिक्षकलाई निजामतीसरह सेवा, सुविधा र सम्मान दिनुपर्ने बताए । बालविकास शिक्षा प्रतिनिधि गीता बटालाले ऐनमै बाल विकास सहयोग नभनी शिक्षक भनेर राख्नुपर्ने सुझाव दिइन् । संस्थागत विद्यालयका प्रतिनिधि नैनसिंह खत्रीले राज्यले व्यहोर्नसक्ने स्थिति भए अहिले पनि संस्थागत सबै विद्यालय राज्यको जिम्मा लगाउन तयार भएको जिकिर गरे ।

नेपाल शिक्षक संघ कर्णाली प्रदेश समितिका वरिष्ठ उपाध्यक्ष मक्कबहादुर बुढा क्षेत्रीले दलहरूले शिक्षकलाई राजनीतिक सिकार बनाएको आरोप लगाए । गाउँपालिका राष्ट्रिय महासंघका तर्फबाट पूर्णप्रसाद धितालले संघीय शिक्षा नीतिमा टेकेर विद्यालय शिक्षाको गुणस्तर र मापदण्ड निर्माण हुनेगरी ऐन ल्याउन समितिलाई आग्रह गरे । वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालले संविधानमा व्यवस्था गरिएका कुरा कानुन निर्माण गर्दा प्रस्टरूपमा आउनुपर्ने सुझाव दिए ।

जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्यले शैक्षिक क्षेत्रमा खुला राजनीति हुने कामले शिक्षामा बेथिति देखिएको बताए । नेपाली कांग्रेस कर्णाली प्रदेशसभा दलका नेता तथा पूर्वमुख्यमन्त्री जीवनबहादुर शाहीले शैक्षिक क्षेत्रमा देखिएका तमाम समस्या सम्बोधन गर्ने र आधुनिक सूचना र प्रविधिलाई आत्मसात् गर्दै अगाडि बढ्ने ऐन आउनेमा विश्वास रहेको बताए ।

# यातायात सञ्जालसँग जोडिँदै सोमेश्वरगढी

**चितवन (प्रस)–** यहाँको माडीस्थित सोमेश्वरगढी सडक सञ्जालसँग जोडिएको छ । माडी नगरपालिका-५ स्थित ऐतिहासिक एवं धार्मिकस्थल सोमेश्वरगढीमा सडक जोडिएसँगै आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि नयाँ गन्तव्यस्थल बनेको छ ।

तीन घण्टा उकालो पैदल हिँडेर यहाँ पुग्नुपर्ने बाध्यता अन्त्य भएको छ । गढीमा हाल घुम्न र दर्शन गर्न आउने पर्यटक बढेका छन् । सोमेश्वरगढी संरक्षण तथा व्यवस्थापन समितिका अध्यक्ष पिताम्बर पोखरेलका अनुसार वसन्तपुरबाट ११ किलोमिटर दूरीमा रहेको सो मन्दिरमा हाल ३० मिनेटमा पुग्न सकिन्छ । सडक सञ्जाल विस्तार भएसँगै यस स्थानमा घुम्न, वनभोज खान आउनेको संख्या उल्लेख्य वृद्धि भएको अध्यक्ष पोखरेलले बताए । माडी उपत्यका चितवन राष्ट्रिय निकुञ्जले तीनतर्फ र दक्षिणमा सोमेश्वर पर्वतले घेरिएको छ ।

पाल्पाका तत्कालीन राजा मुकुन्द सेनले अंग्रेजबाट जोगिन बनाएको सो गढी नेपाल-भारतको दृश्यावलोकनको केन्द्र र ऐतिहासिक धार्मिक क्षेत्रका रूपमा विकास हुँदै गएको छ । यहाँ बर्सेनि रामनवमीमा पूजापाठ गर्ने भक्तालुको घुइँचो लाग्छ । सोमेश्वर कालिका मन्दिर महादेव र कालीको बासस्थान रहेको शक्तिपीठ हो । भरतपुरबाट ५० किलोमिटर दूरीमा पर्ने सोमेश्वरगढीमा माडी नगरपालिकाको सक्रियतामा राष्ट्रियस्तरका मूर्तिकारद्वारा ५० भन्दा बढी ढुंगामा विभिन्न देवदेवीका मूर्ति कुँदिएका छन् ।


प्रदेश सरकार
सुदुरपश्चिम प्रदेश
भौतिक पूर्वाधार विकास मन्त्रालय
**भूमिगत जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय**
धनगढी, कैलाली

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८१/१०/०२)

यस भूमिगत जलस्रोत तथा सिचाई विकास डिभिजन कार्यालय धनगढी, कैलालीको कार्य क्षेत्र अन्तर्गत कंचनपुर, कैलाली जिल्लाको विभिन्न स्थानहरुमा भूमिगत सिचाई सम्बन्धि निर्माण कार्य सिलबन्दी बोलपत्रको माध्यम बाट गर्न ठेक्का नं. GWRIDDO/PH-DS-ELE-P/NCB/05/2081-082 देखि GWRIDDO/PH-DS-ELE-P/NCB/14/2081-082 सम्मका सिलबन्दी बोलपत्रहरुको लागि मिति २०८१-१०-०२ गते www.bolpatra.gov.np/egp मा सूचना आह्वान गरिएको छ ।

| विवरण | सिलबन्दी बोलपत्र |
|---|---|
| दर्ता गर्ने अन्तिम मिति र समय | २०८१/११/०२ गते दिनको १२:०० बजे |
| खोल्ने अन्तिम मिति र समय | २०८१/११/०२ गते दिनको २:०० बजे |

सिलबन्दी बोलपत्र पेश गर्ने तरिका : विद्युतिय माध्यमबाट मात्र (Electronic Submission Only) विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp मा हेर्नुहुन वा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

कार्यालय प्रमुख

प्रभाव दैनिक

रूपशाला

बुधबार, ०२ माघ २०८१ (Wednesday, January 15, 2025)

## 'ताण्डवम्' फागुन ९ मा प्रदर्शन हुने

जुनिम गहतराजको निर्देशन रहेको फिल्म हो 'ताण्डवम्' । मंगलबार माघे सङ्क्रान्तिको अवसर पारेर निर्माण युनिटले फिल्मको एक पोस्टरसहित प्रदर्शन मिति फागुन ९ सार्वजनिक गरेको छ । सार्वजनिक पोस्टरमा फिल्मका मुख्य कलाकार पुष्कर गुरूङ, प्रेम सुब्बा, सरिना मगर, अंकित खड्का, अनोज पाण्डे र जुनिम गहतराज प्रस्तुत छन् । फिल्ममा कमल कार्की र गोपाल कटुवालको समेत अभिनय छ ।



# 'कार्साङ' टिम आज हलहलमा जाँदै




■ प्रभाव संवाददाता

**काठमाडौं** – चलचित्र 'कार्साङ' को टिम माघ २ गते पूर्वका विभिन्न हलहलमा पुग्ने भएका छन् । फिल्मको राम्रो प्रतिक्रिया प्राप्त भएको भन्दै नायिका सिर्जना निङ्लेकु आफ्नो पहिलो डेब्यु फिल्मबाट निकै उत्साहित देखिएको जनाएकी छिन् । उनले खुशी व्यक्त गर्दै भनिन्, 'यो मेरो पहिलो फिल्म हो र दर्शकहरूको सकारात्मक प्रतिक्रिया पाउँदा निकै खुशी छु ।'

'कार्साङ' चलचित्र अभिनेता दयाहाङ राईको ६ महिनापछि रिलिज भएको फिल्म हो । याम शेर्पाद्वारा निर्देशित यस फिल्मले सिन्धुपाल्चोकको शेर्पा समुदायको एक झाँक्री लोप्साङको संघर्षमय जीवनको कथा प्रस्तुत गर्दछ । आर्थिक विपन्नता र सामाजिक असमानता जस्ता चुनौतीहरूको सामना गर्दै, पात्रले आफ्नो स्वाभिमानका लागि संघर्ष गर्दछ ।

यस फिल्मको प्रमुख भूमिकामा दयाहाङ राई, जितु नेपाल, सिर्जना निङ्लेकु र दीया मास्के रहेका छन् । 'कार्साङ' को रनटाइम १२६ मिनेट रहेको छ र यसको सर्टिफिकेट युनिभर्सल रहेको छ । चलचित्रले दर्शकबाट सकारात्मक प्रतिक्रिया प्राप्त गरेको छ । विशेषगरी, दयाहाङ र जितु नेपालको अभिनयलाई निकै सराहना गरिएको छ । दर्शकहरूले शेर्पा समुदायको सांस्कृतिक पक्षलाई नजिकबाट बुझ्न पाउने आशा व्यक्त गरेका छन् । निर्देशक यम शेर्पाले भने, 'हामीले दर्शकबाट चाहिएको माया र अपेक्षा पूरा हुनेगरी फिल्म निर्माण गरेका छौं ।'

'कार्साङ' को ट्रेलरमा पात्रको अभाव, झाँक्री विद्यामा विश्वास, समाजको परम्परा र आर्थिक गतिविधिहरूलाई देखाइएको छ । समाजको बहिष्कार, द्वेष र परिवारमा देखिने विचलनको कुरा गर्दै मुख्य पात्रको स्वाभिमानको संघर्ष प्रस्तुत गरिएको छ । फिल्म पारिवारिक कथावस्तुमा आधारित छ र ग्रामीण परिवेशमा आधारित रहेको निर्देशक यम शेर्पाले बताए । यस फिल्ममा सिर्जना निङ्लेकु, दीया मास्के, बुद्धि तामाङ, सृष्टि गौतम, डोमा ह्योल्मो, प्रेम लोप्चन र सुरवीर पण्डितको पनि अभिनय छ । 'कार्साङ' फिल्म यार्सा फिल्म्स र पुरुषोत्तम प्रधान फिल्म्स को प्रस्तुतिमा बनेको हो । फिल्मका निर्माता र छायांकार पुरुषोत्तम प्रधान हुन् भने सह-निर्मातामा गोविन्द बोहरा छन् । कार्यकारी निर्माता आङछिरिङ शेर्पा हुन् ।

# धुमः ४ मा रणवीर कपुर पक्का

**मुम्बई** – बलिउड स्टार रणबीर कपूर आगामी केही वर्षका लागि पुरै व्यस्त रहेका छन् । यस बर्ष निर्माणमा रहेका केही ठूला फिल्महरूमा उनीलाइ देखिने पक्का जस्तै छ । अभिनेता कपुर हाल सञ्जय लीला भन्सालीको 'लभ एन्ड वार' र नितेश तिवारीको 'रामायण' को लागि शूटिंगमा ब्यस्त रहेका छन् । दुबै फिल्म २०२६ मा ठूलो पर्दामा रिलिज हुने तालिका तय भइसकेको छ ।

यसैबीच, यशराज फिल्म्सको बहुप्रतिक्षित धूमः४ मा रणवीर कपुर अनुबन्धित भएका छन् । जुन फिल्म एक दशक भन्दा बढी अघि देखी आधिकारिक रूपमा घोषणा गरिएको थियो तर केही कारणहरूले गर्दा सुटिङ सुरू हुन सकेको थिएन । तर, अहिले यशराज फिल्मसले धुमः४ का लागि प्रकिया सुरू गरेको छ, जो अर्को बर्ष देखी सुटिङ सुरू हुनेछ ।

इन्डिया टुडेका अनुसार धुमः ४ अब अप्रिल २०२६ देखी छायांकनमा जानेछ । सो कम्पनिले सो फिल्मका लागि २ जना नायिक र एक भिलेन खोजिरहेको छ । समाचार अनुसार सो फिल्मको भिलेनको भूमिकामा साउथ फिल्मका कलाकारलाइ लिइने भएको छ । जसका कारण, अभिषेक बच्चनलगायतका कलाकार नदोहोरिने सम्भावना बढेको छ ।

रणवीरले धूमः ४ सुरु गर्नुअघि 'लभ एण्ड वार' र 'रामायण' का दुवै भागको सुटिङ पुरा गर्नेछन् किनभने धुमः४ मा उनको अन्य चलचित्रहरू भन्दा फरक लुक हुनु आवश्यक रहेको जनाइएको छ । चाखलाग्दो कुरा के छ भने धुमः४ फ्रेन्चाइजका अघिल्लो फिल्महरूमा हिरोको भुमिका नकारात्मक थियो तर पछिल्लो रिपोर्ट अनुसार रणवीरको धुमः४ को चरित्र बिल्कुलै फरक हुने बताइएको छ । समाचार अनुसार धुमः ४ पछि अभिनेता कपुरले एनिमल पार्क सुरु गर्नेछन्, जुन निर्देशक सन्दीप रेंगी वांगासँग मेगा ब्लकबस्टर एनिमलको सिक्वेलको रूपमा निर्माण हुँदैछ ।

# मुटुरोग विशेषज्ञ डा. कोजुको 'मुटुको कथा' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं** – वरिष्ठ मुटुरोग विशेषज्ञ डा राजेन्द्र कोजुको 'मुटुको कथा' शीर्षकको कृति सार्वजनिक भएको छ । नेपाल प्रज्ञाप्रतिष्ठानको डबलीमा मंगलबार आयोजित समारोहमा वरिष्ठ नेत्ररोग विशेषज्ञ डा सन्दुक रुइत, वरिष्ठ मुटुरोग विशेषज्ञ डा भगवान कोइराला, धुलिखेल अस्पतालका संस्थापक डा रामकण्ठ मकाजु, मुटुरोग विशेषज्ञ डा स्मृति शाक्य, हास्यकलाकार हरिबंश आचार्य र लेखक कोजुले लोकार्पण गरे ।

बुक हिलले प्रकाशन गरेको उक्त कृतिमा मुटुको कथा, बा छाति त दुखेको छैन नि ? हत्तेरिका औषधि नै छुट्यो, नूनको आत्मकथा, रक्सी समातेपछि र छाडेपछि, फेरिएको जीवन शैली, स्वस्थ जीवन र प्रार्थनासहित ४१ शीर्षकमा अनुभव, अनुभूति र घटनासम्बन्धी विषयबस्तु समेटिएका छन् ।

कार्यक्रममा वरिष्ठ नेत्ररोग विशेषज्ञ डा रुइतले तुलनात्मकरूपमा नेपालको स्वास्थ्य क्षेत्र राम्रो रहेको र त्यसमा चिकित्सकहरूले व्यावसायिक धर्म तथा बिरामीप्रति करुणा व्यक्त गर्न सकेमा अझ प्रभावकारी हुने धारणा राखे ।

मुटुरोग विशेषज्ञ डा कोइरालाले समाज रूपान्तरणका लागि किताब लेखन र अध्ययनको प्रभाव लामोसमयसम्म रहने उल्लेख गर्दै हामीले व्यतित गरेको जीवनशैली र खानपिनमा सामान्य सुधार गर्न सके राम्रो स्वास्थ्यलाभ लिन सकिने अनुभव सुनाए । उनले भने, 'मैले बिरामीलाई सधैँ भन्दै आएको छु, गर्न नहुने भनेको चुरोट नखाने, गर्नैपर्ने भनेको व्यायाम रहेको छ ।'

डा. मकाजुले पुस्तक अध्ययनबाट धेरै ज्ञान प्राप्त हुने भएकाले मुटुको कथासम्बन्धी पुस्तकले अध्ययनका लागि थप प्रेरणा प्रदान गर्ने धारणा राखे ।

हास्यकलाकार आचार्यले पुस्तकलाई आफूले सबैभन्दा नजिक सिरानीमा राख्ने साथीका रूपमा लिने गरेको हुँदा जन्मोत्सवलगायतका अवसरमा उपहारका रूपमा पुस्तक दिँदा उपयुक्त हुने धारणा राखे । डा. शाक्यले मुटुको कथासम्बन्धी कृतिमा स्रष्टाले स्वास्थ क्षेत्रमा काम गर्दाको आफ्नो कथा, व्यथा, वास्तविकता, भावनालगायतका विषयबस्तु केही कविता र केही निबन्ध शैलीमा प्रस्तुत गरेको धारणा राखे ।

लेखक कोजुले आफूले विभिन्न पत्रपत्रिकामा विभिन्न समय कालखण्डमा लेखिएका लेखहरूबारे उपचार गर्न आउने बिरामी र चिनेका व्यक्तिबाट पाएको प्रतिक्रियाबाट प्रेरित भएर पुस्तक लेख्ने जमर्को गरेको बताए । उनले जीवनको ४० वर्ष चिकित्सासम्बन्धी ज्ञान हासिल गर्ने सिलसिलामा २३ वर्ष मुटु स्वास्थ्यमै केन्द्रित भएर उपचारमा संलग्न हुँदा देखेका, भोगेका विषयबस्तुलाई सरल तरिकाले सर्वसाधारणसम्म पुऱ्याउन कथा, निबन्ध र स्मरण समेटेर पुस्तक प्रकाशन गरेको जानकारी दिए ।



**खो-खो विश्वकप**

# महिला दुवै खेलमा विजयी
# पुरुष टिमको पहिलो जित



■ प्रभाव संवाददाता

**काठमाडौं** – भारतमा जारी खो-खो विश्वकपमा नेपालको महिला टोलीले लगातार दोस्रो जित हासिल गरेको छ ।

समूह सी अन्तर्गत मंगलबार अपरान्ह भएको खेलमा नेपालले जर्मनीलाई ७३-३४ ले पराजित गरेको हो । यसअघि मंगलबारै भएको पहिलो खेलमा नेपालले भुटानलाई ९३-२४ ले पराजित गरेको थियो ।

समूह सी मा नेपाल, भुटान, जर्मनीसँगै बंगलादेश र श्रीलंका छन् । नेपालले बुधबार श्रीलंकासँग तथा बिहीबार बंगलादेशसँग खेल्ने छ । हरेक समूहबाट शीर्ष दुई टोली क्वाटरफाइनलमा प्रवेश गर्ने छन् ।

पुरुषतर्फ भने समूह ए मा रहेको नेपाल पहिलो खेलमा भारतसँग ४२-३७ ले पराजित भएको थियो । तर पेरुसँग दोस्रो खेल खेलिरहेको नेपालले पहिलो जित हात पारेको छ । समूह ए मा रहेको नेपालले मंगलबार पेरुलाई ८०-३४ ले पराजित गरेको हो ।

# सिन्धुपाल्चोकमा बिच भलिबल प्रतियोगिता सुरु

**चौतारा (प्रस)**– सिन्धुपाल्चोकमा बिच भलिबल प्रतियोगिता सुरू भएको छ । सिन्धुपाल्चोकको सुकुटेमा आयोजित सातौं महिला तथा आठौं पुरुष राष्ट्रिय बिच भलिबल प्रतियोगिता आजबाट सुरू भएको हो । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सो बिच भलिबल प्रतियोगिता उद्घाटन गरेका छन् ।



नेपाल भलिबल सङ्घ, सिन्धु सुकुटे पर्यटन व्यवसायी संघ र सिन्धुपाल्चोक जिल्ला भलिबल संघको आयोजनामा प्रतियोगिता सुरु भएको हो । बालुवामाथि खेलिने भलिबल प्रतियोगिता खेलकुद र पर्यटन दुबै हिसाबले महत्त्वपूर्ण मानिएको छ, जुन खेल अहिले सुकुटेस्थित सुनकोशी नदीको किनारामा जारी रहेको छ ।

**प्रधानमन्त्री कप महिला क्रिकेट**

# उद्घाटन खेलमा सुदूरपश्चिम विजयी

■ प्रभाव संवाददाता

**धनगढी**– प्रधानमन्त्री कप टी-२० महिला राष्ट्रिय क्रिकेट प्रतियोगिता मंगलबारदेखि धनगढीमा सुरू भएको छ । उद्घाटन खेलमा सुदूरपश्चिमले गण्डकी प्रदेशलाई सात विकेटले हराएको छ । फाप्ला क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्ता पाएको गण्डकी प्रदेशले निर्धारित २० ओभरको खेलमा सात विकेटको क्षतिमा ५५ रन बनायो । जितका लागि पाएको ५६ रनको लक्ष्य सुदूरपश्चिमले ९ दशमलव ५ ओभरमा ३ विकेटको क्षतिमा पूरा गर्यो । सुदूरपश्चिमका लागि रेवती धामीले अविजित २१ रन बनाइन् । बलिङतर्फ गण्डकीका लागि आकृति तिवारी र अपेक्षा बुढाथोकीले एक एक विकेट लिइन् ।

यसअघि ५५ रन बनाउने क्रममा गण्डकीका लागि रेखा तामाङले १३ र कप्तान सिर्जना पौडेलले १० रन बनाइन् । बलिङतर्फ सुदूरपश्चिमकी रेवती धामीले ४ तथा ऋतु कनौजिया र जानकी थापाले एक एक विकेट लिइन् । रेवती 'प्लेयर अफ दी म्याच' घोषित भइन् । प्रतियोगिताको एक समारोहबीच सुदूरपश्चिम प्रदेशका प्रदेशसभा सदस्य प्रकाश देउवाले उद्घाटन गरेका थिए । समारोहमा नेपाल क्रिकेट सङ्घ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्द, सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक गणेश चन्द, धनगढी उपमहानगरपालिकाका उपप्रमुख कन्दकला कुमारी राना, ओलम्पियन दीपक विष्ट, सुदूरपश्चिम खेलकुद परिषद्का अध्यक्ष दीपकबहादुर सिंह, क्यान कोषाध्यक्ष पदम खड्का, सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष



बाशुदेव जोशीलगायतको उपस्थिति थियो ।

राष्ट्रिय खेलकुद परिषद्को कार्यक्रमअनुसार क्यानको आयोजना र सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घको व्यवस्थापनमा सञ्चालन भएको प्रतियोगिता यही माघ १२ गतेसम्म चल्नेछ । प्रतियोगितामा सात प्रदेश तथा दुई विभागीय टोली एपिएफ क्लब र आर्मी क्लब सहभागी रहेका सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघका सचिव लक्ष्मण भट्टले जानकारी दिए ।

सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'ए' मा लुम्बिनी प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश, सशस्त्र प्रहरी बलको एपीएफ क्लब र सुदूरपश्चिम प्रदेश तथा समूह 'बी' मा कोशी प्रदेश, बागमती प्रदेश, मधेश प्रदेश र त्रिभुवन आर्मी क्लब छन् । प्रतियोगिताको उपाधि जित्नेले रु पाँच लाख, दोस्रो हुनेले रु तीन लाख, प्लेयर अफ दी सिरिजलाई रु ५० हजार तथा बेस्ट ब्याटर र बेस्ट बलरलाई रु २५/२५ हजार पुरस्कार दिइनेछ ।

### एपीएफको शानदार सुरूवात

नेपाल एपीएफ क्लबले शानदार सुरूवात गरेको छ । नेपाल एपिएफ क्लबले प्रधानमन्त्री कप महिला राष्ट्रिय ट्वान्टी-२० क्रिकेट प्रतियोगितामा सानदार सुरुआत गरेको हो ।

धनगढीस्थित फाप्ला क्रिकेट मैदानमा मंगलबार भएको खेलमा एपिएफले कर्णाली प्रदेशविरुद्ध १११ रनको फराकिलो जित दर्ता गरेर शानदार सुरूवात गरेको हो ।

एएिफले प्रस्तुत गरेको ८३ रनको लक्ष्य पछ्याएको कर्णालीले २० ओभर नै ब्याटिङ गरे पनि सात विकेट गुमाउँदै ७१ रन मात्रै बनाउन सके पछि एपीएफको पहिलो बिजय यात्रा सुरू भएको हो । एपिएफका लागि करुणा भण्डारीले तीन तथा रेखा रावल, सुमन विष्ट र विनु बुढाले समान एक विकेट लिए ।

# उत्तर कोरियाद्वारा पूर्वी सागरमा अज्ञात क्षेप्यास्त्र प्रहार



**सियोल–** उत्तर कोरियाले मंगलबार पूर्वी सागरतर्फ अज्ञात क्षेप्यास्त्र प्रक्षेपण गरेको दक्षिण कोरियाको सेनाले जापानको सागर भनेर पनि चिनिने पानीको निकायलाई उल्लेख गर्दै जनाएको छ ।

'उत्तर कोरियाले पूर्वी सागरतर्फ अज्ञात क्षेप्यास्त्र प्रहार गरेको छ,' दक्षिण कोरियाको सेनाले भन्यो । सियोलले प्रक्षेपण बारेमा तत्काल कुनै विवरण साझा गरेन । प्योङयाङले प्रशान्त महासागरमा देशका प्रतिद्वन्द्वीहरूलाई रोक्न लक्षित नयाँ हाइपरसोनिक मिसाइल प्रणाली प्रक्षेपण गरेको एक हप्तापछि यो प्रक्षेपण आएको हो ।

नोभेम्बरमा अमेरिकी राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्पले अमेरिकी चुनाव जितेपछि उत्तर कोरियाको यो पहिलो प्रक्षेपण थियो र यो अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेन दक्षिण कोरिया भ्रमणमा रहेका बेला भएको थियो । अमेरिकाको सहयोगी दक्षिण कोरिया उत्तर कोरियाको कडा प्रतिद्वन्द्वी हो, जससँग प्राविधिक रूपमा युद्ध जारी छ ।

प्योङयाङको अघिल्लो प्रक्षेपण नोभेम्बरमा भएको थियो । त्यसबेला उसले आफ्नो सबैभन्दा उन्नत र शक्तिशाली ठोस-इन्धन अन्तरमहादेशीय ब्यालेस्टिक मिसाइल (आइसिबिएम) को परीक्षण गरेको थियो । यसको जवाफमा दक्षिण कोरियाले प्योङयाङले क्षेप्यास्त्र प्रक्षेपण गरेपछि शक्ति प्रदर्शन गर्दै समुद्रमा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको थियो ।

वासिङ्टनले प्योङयाङले युक्रेनमा लडाइँ गर्न आफ्नो सेना पठाउने बदलामा रुसबाट समर्थन प्राप्त गरेको आरोप लगाएको छ । तर उत्तर कोरिया वा रुसले प्योङयाङको सेनाले मस्कोका लागि लडिरहेको कुरा आधिकारिक रूपमा पुष्टि गरेका छैनन् । *रासस/एएफपी*

# दक्षिण कोरियाली राष्ट्रपति युनको महाअभियोग सुनुवाइ सुरू



**सियोल–** निलम्बित दक्षिण कोरियाली राष्ट्रपति युन सुक योलको महाअभियोग सुनुवाइ मंगलबारदेखि सुरु भएको छ । देशको संवैधानिक अदालतले असफल मार्सल ल प्रयासका कारण उनलाई राष्ट्रपतिको जिम्मेवारीबाट हटाउने कि नगर्ने भनेर मूल्यांकन गर्ने तयारी गरेको छ ।

युनले सांसदहरूलाई नागरिक शासनको निलम्बनलाई मतदान गर्नबाट रोक्न असफल प्रयासमा सेनाहरूलाई संसद्मा आक्रमण गर्न निर्देशन दिएपछि उनको डिसेम्बर ३ को सत्ता कब्जाले दक्षिण कोरियालाई दशकौंको सबैभन्दा खराब राजनीतिक संकटमा धकेल्यो । त्यसपछि उनीमाथि तुरुन्तै महाअभियोग लगाइयो र कर्तव्यबाट निलम्बन गरियो । तर त्यसयता उनी विद्रोहको आरोपमा अनुसन्धान गर्ने अधिकारीहरूको समन अस्वीकार गर्दै र पक्राउबाट बच्न राष्ट्रपतीय सुरक्षा टोलीको प्रयोग गर्दै आफ्नो निवासमै लुकेर बसेका छन् ।

सांसदहरूले गत महिना युनको कार्यवाहकमाथि पनि महाअभियोग लगाएपछि यसले देशलाई थप राजनीतिक अस्थिरतामा पुर्‍यायो र हालका कार्यवाहक राष्ट्रपति यस गतिरोधमा हस्तक्षेप गर्न अनिच्छुक देखिएका छन् । बरु सबै पक्षलाई समाधानका लागि वार्ता गर्न उनले आग्रह गरिरहेका छन् ।

युनको सैनिक शासनको घोषणा असंवैधानिक थियो कि थिएन र यो गैरकानुनी थियो कि थिएन भन्नेबारे अदालतले मुख्यतया दुई विषयमा निर्णय गर्ने छ । 'यो महाभियोग मुद्दा केवल मार्सल लको स्थितिमा केन्द्रित छ, त्यसैले तथ्यहरू विशेषरूपमा जटिल छैनन्,' वकिल किम नाम-जुले भने, 'यसमा संलग्न अधिकांश व्यक्तिमाथि पहिले नै अभियोग लगाइएको छ र तथ्यहरू केही हदसम्म स्थापित भएका छन्, यसले लामो समय लिने देखिँदैन ।' युनले वास्तवमा संविधान र मार्सल ल ऐन उल्लंघन गरेका छन् कि छैनन् भनेर फैसला गर्न अदालतसँग मुद्दा प्राप्त भएको दिनदेखि डिसेम्बर १४ देखि १८० दिनसम्म समय छ । *रासस/एएफपी*

# दुर्लभ भ्रमणमा जापानद्वारा चिनियाँ सैन्य प्रतिनिधिमण्डललाई स्वागत

**टोकियो–** अमेरिकी राष्ट्रपतिका रूपमा डोनाल्ड ट्रम्पको पुनरागमनअघि एसियाली छिमेकीहरूले चिसो सम्बन्ध सुधार्ने प्रयास गर्ने क्रममा चिनियाँ सैन्य प्रतिनिधिमण्डल एक दुर्लभ आदानप्रदान भ्रमणमा रहेको मंगलबार जापानले जनाएको छ ।

चिनियाँ जनमुक्ति सेना (पिएलए) को पूर्वी थिएटर कमान्डका सदस्यहरूले सोमबारदेखि शुक्रबारसम्म आफ्ना जापानी समकक्षी र वरिष्ठ जापानी रक्षा अधिकारीहरूसँग भेटवार्ता गरिरहेको जापानका शीर्ष सरकारी प्रवक्ता योशिमासा हायाशीले बताए । नोभेम्बरमा लाओसमा क्षेत्रीय रक्षा भेलाको छेउमा जापानी र चिनियाँ रक्षामन्त्रीहरूको भेटवार्तापछि यो भ्रमणको आयोजना गरिएको हो । त्यहाँ उनहरूले सेनाहरू बीच आदानप्रदान बढाउन सहमति जनाएको हयाशीले जानकारी दिए ।

'पाँच वर्षपछि पहिलोपटक यसले सैनिकहरूबीच आदानप्रदान पुनः सुरु गरेको छ,' उनले नियमित प्रेस ब्रिफिङमा भने, 'कमान्डरस्तरमा खुला सञ्चारमार्फत आपसी बुझाइ र विश्वासको प्रवर्द्धनले जापान र चीनबीच रचनात्मक र स्थिर सम्बन्ध निर्माणमा योगदान पुर्‍याउने छ, हामीलाई लाग्छ यो भ्रमणले क्षेत्रको शान्ति र स्थिरतामा योगदान पुर्‍याउँछ ।'

पिएलए पूर्वी थिएटर कमाण्डले पनि यही विचार व्यक्त गरेको छ । 'यो भ्रमणले दुई पक्षबीच समझदारी र आपसी विश्वास बढाउन तथा चीन र जापानबीच रक्षा आदानप्रदानलाई बढावा दिन मद्दत गर्ने छ,' विज्ञप्तिमा भनिएको छ । जापान र चीनले वर्षौंदेखि क्षेत्रीय र ऐतिहासिक विवादका साथै अन्य मुद्दाहरूले तनावग्रस्त सम्बन्धलाई सुधार्ने प्रयास गरिरहेका छन् ।

तनाव कम गर्न जापानी विदेशमन्त्री ताकेशी इवायाले डिसेम्बरमा आफ्ना चिनियाँ समकक्षी वाङ यीसँग भेटेका थिए । जापानी सत्तारूढ सांसदहरू पनि कम्युनिस्ट पार्टीका वरिष्ठ अधिकारीहरूसँग बैठकका लागि यस हप्ता चीनको भ्रमणमा छन् र जापानका कृषिमन्त्री बुधबार चीन जाँदै छन् । *रासस/एएफपी*


## बहराइनमा रोजगार

कम्पनी : MOROCCO NIGHTS LADIES BEAUTY SALOON

पूर्व स्वीकृति मिति : २०८१/०९/२९ | LT. No. 317087 | चलानी नं. ६०२३१३२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 6 | 150 | ५४,९३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ९ गते (22th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Eminence Recruitment International Pvt Ltd** — Govt. License No. 1569/079/80
Bhimsengola-31, Prayagmarg, Kathmandu Tel No: 01-4110036, 4110040, 9851164154, 9849964370
9803193977, Branch Office Chitwan (9855063454, 9806595102, Email : Info@eminencenepal.com, Website : Ww.eminencenepal.com

## साउदीमा रोजगार

कम्पनी : DENAR LAUNDRY FOR CLOTHES WASHING

पूर्व स्वीकृति मिति : २०८१/०९/२९ | LT. No. 317104 | चलानी नं. ६०२३१३२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cloth Ironer | 1 | 0 | 1200 | ४४,११८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ९ गते (22th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Amal Overseas Pvt. Ltd.** — Govt. License No. 1345/074/075
Samakhusi-26, Kathmandu, Nepal +977-1-4960015, 4966061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com, Website : alamaloverseas.com

## साउदीमा रोजगार

कम्पनी : Ali Thani Atiq Al-Sharari Establishment for Water Transport and Distribution

पूर्व स्वीकृति मिति : २०८१/०९/२८ | LT. No. 316946 | चलानी नं. ६०२३१३२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६५,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ९ गते (22nd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** — श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **S.K Energy Traders** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 178 | N/A | CHINA | PCS | 9,290.00 | 10,519.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 28 | N/A | CHINA | PCS | 8,740.00 | 9,914.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | S.K ENERGY | 38 | N/A | CHINA | PCS | 9,540.00 | 10,794.00 | |

बिक्रेताको फर्मको नाम: S.K. ENERGY TRADERS | स्थायी लेखा नं: 302252282
ठेगाना: Ramhiti, Boudda, Kathmandu, Nepal | फोन नं: 9851040703

## मेधा वचत तथा ऋण सहकारी संस्था लिमिटेडको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्ने ३५ (पैतीस) दिने अत्यन्त जरुरी सूचना

*(प्रकाशित मिति २०८१/१०/०२ गते)*

यस मेधा वचत तथा ऋण सहकारी संस्था लि.बाट शेयर सदस्य तपाईहरूले कर्जा लिई कारोबार गर्नु भएको र यस संस्थासँग गर्नुभएको सम्झौता वमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा व्याजसमेत संस्थाको लेना रकम नतिरी नबुझाई संस्थासँग गर्नुभएको शर्त बन्देजहरू उल्लङ्घन गर्नु भएकोले तपाईलाई संस्थाको नियमानुसार पटक पटक पत्रबाट, फोनबाट र धनजमानीबाट समेत ताकेता गर्दा पनि संस्थाको कर्जा रकम चुक्ता गर्न बेवास्ता गरी बस्नु भएकोले तपाईको नाममा यो ३५ (पैतीस) दिने सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस सहकारी संस्थामा सम्पर्क गरी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा व्याज हर्जना लगायत संस्थाको लेना रकम चुक्ता गर्न आउनुहोला । अन्यथा सहकारी ऐन, नियम, विनियम, कर्जा नीति र यस सहकारी संस्थासँग गर्नु भएको लिखत अनुसार कारवाही गरी लेना रकम असुल उपर गरिनेछ । साथै कर्जामा धनजमानी दिनु हुने धन तपाईले यसै सूचनाबाट जानकारी लिनु भई उक्त कर्जा चुक्ता गर्न गराउनु हुन सूचित गरिन्छ ।

| कर्जावालाको नाम, ठेगाना | ऋणीको फोटो | कर्जावालाको नाम, ठेगाना | ऋणीको फोटो |
|---|---|---|---|
| **सुरज के.सी**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : रत्न बहादुर के.सी.<br>**बाजे** : अम्बर बहादुर के.सी.<br>**स्थायी ठेगाना** : सोलुखुम्बु जिल्ला सल्यान गा.वि.स.वडा नं.३<br>**ना.प्र.नं.** : ४७७/१७०७/९०<br>**जारी मिति** : २०६०/१०/२५, सोलुखुम्बु ।<br>**धन जमानी** : रोशन योन्जन |  | **रामेश्वर धिताल**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : सीताराम धिताल<br>**बाजे** : अग्नी प्रसाद धिताल<br>**स्थायी ठेगाना** : धादिङ जिल्ला छत्रे देउराली वडा नं.८<br>**ना.प्र.नं.** : २५३४–०५०/५१<br>**जारी मिति** : २०५०/०३/०९ धादिङ<br>**धन जमानी** : टोप बहादुर पराजुली |  |
| **मोहन कुमार गिरी**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : प्रदिप कुमार गिरी<br>**बाजे** : जयनन्द गिरी<br>**स्थायी ठेगाना** : बाजुरा जिल्ला कोल्टी वडा नं.३<br>**ना.प्र.नं.** : ३८०/१८८१<br>**जारी मिति** : २०५१/०४/१४ बाजुरा<br>**धन जमानी** : नवराज बराल |  | **ममता गौतम**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : दुर्गा प्रसाद गौतम_<br>**बाजे** : दाताराम गौतम<br>**स्थायी ठेगाना** : इलाम जिल्ला न.पा/ गा.वि.स.वडा नं.३<br>**ना.प्र.नं.** : ३९९५०/५०५४<br>**जारी मिति** : २०४७/०२/२८, इलाम<br>**धन जमानी** : रूपादेवी बलमपाली मगर |  |
| **दिल बहादुर श्रेष्ठ**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : गणेश बहादुर श्रेष्ठ<br>**बाजे** : लाल बहादुर श्रेष्ठ<br>**स्थायी ठेगाना** : सिन्धुपाल्चोक जिल्ला चौतारा वडा नं.१<br>**ना.प्र.नं.** १६४८/६९००<br>**जारी मिति** : ०५१/०४/२६,सिन्धुपाल्चोक<br>**धन जमानी** : कविता श्रेष्ठ |  | **नर बहादुर के.सी.**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.३<br>**बाबु** : भीम बहादुर के.सी.<br>**बाजे** : अम्बर बहादुर के.सी.<br>**स्थायी ठेगाना** : सोलुखुम्बु जिल्ला थुलुङ दुधकोशी वडा नं.७<br>**ना.प्र.नं.** : २०९१/९३४<br>**जारी मिति** : २०२४/०९/१७ सोलुखुम्बु ।<br>**धन जमानी** : सिताराम ढकाल |  |
| **पुनम कुमारी चौधरी**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : राम नारायण चौधरी<br>**बाजे** : फेन्सी लाल चौधरी<br>**स्थायी ठेगाना** : सुनसरी जिल्ला मधैली वडा नं.१<br>**ना.प्र.नं.** : ९८३४५/९९३४५<br>**जारी मिति** : २०६२/०२/०४, सुनसरी<br>**धन जमानी** : मलेज कुमार चौधरी |  | **बुद्दिलाल ब्लोन**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : चन्द्र बहादुर ब्लोन<br>**बाजे** : तेज बहादुर ब्लोन<br>**स्थायी ठेगाना** : मकवानपुर जिल्ला आमभञ्ज्याङ वडा नं.१<br>**ना.प्र.नं.** : ४३/३१५२८<br>**जारी मिति** : २०६२/१०/१० मकवानपुर<br>**धन जमानी** : सोम माया ब्लोन |  |
| **देव बहादुर गुरुङ**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : दल बहादुर गुरुङ<br>**बाजे** : मैते सिङ गुरुङ<br>**स्थायी ठेगाना** : सुर्खेत जिल्ला तरङगा वडा नं.१<br>**ना.प्र.नं.** : ६४१०१३/१००५७१<br>**जारी मिति** : २०६७/०८/२८ सुर्खेत ।<br>**धन जमानी** : अश्विनी कुमार आचार्य |  | **अजित श्रेष्ठ**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : मान बहादुर श्रेष्ठ<br>**बाजे** : शेस नारायण श्रेष्ठ<br>**स्थायी ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**ना.प्र.नं.** : १२७४<br>**जारी मिति** : २०५२/०४/२२, काठमाडौं<br>**धन जमानी** : सुरेस कार्की |  |
| **अरूण वादी**<br>**हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३<br>**बाबु** : केशव कुमार वादी<br>**बाजे** : चक्र बाहादुर वादी<br>**स्थायी ठेगाना** : रामेछाप जिल्ला भटौली वडा नं.३<br>**ना.प्र.नं.** : २११०३२/३२४२६<br>**जारी मिति** : २०६९/०४/२९, रामेछाप<br>**धन जमानी** : दिनेश महर्जन |  | | |

## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
उर्लाबारी, मोरङ कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतगर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति: २०८१/१०/०२)

यस उर्लाबारी नगरपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा मिति २०८१।०९।२१ मा प्रकाशित सूचना बमोजिम स्वीकृत भएका प्राविधिक प्रस्तावहरुमध्ये तपशिलमा उल्लेख भएको बोलपत्र आर्थिक प्रस्तावमा न्यूनतम मूल्यांकित भई सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं | आयोजनाको नाम | स्वीकृत हुने फर्मको नाम | कबोल अंक मू.अ.कर.सहित |
|---|---|---|---|
| URL-BlacktopRoad-Ward1-W-NCB-03-081/82 | Package I: (Construction of Blacktop of black top road of fatte tole, Karki chowk to Miklajung Road ,Urlabari -1 , Morang | Ma pathivara/Nsc J/V, Lead: Maa pathivara Nirman Sewa Sub:New Sagarmatha construction Kankai-3, Jhapa | १,४५,६२,३६६.०५ |

प्रमुख प्रशासकिय अधिकृत


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३१८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५५८०० | प्रति तोला – ० | प्रति तोला – १८६० |



**बजार लैजाने तयारीमा च्याउ** | नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को मध्यविन्दु–३ का वडाध्यक्ष मानबहादुर महतोले लगाएको च्याउखेती। उनले व्यावसायिकरूपमा च्याउखेती गर्दै आएका छन्। *तस्बिरः टेकराज पोखरेल/रासस*

**बजेट अर्धवार्षिक समीक्षा**

## आम्दानी ३९, खर्च ३५ प्रतिशत

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिमा सरकारको आम्दानी र खर्च निकै कमजोर देखिएको छ । महालेखा नियन्त्रक कार्यालयकाअनुसार पुस मसान्तसम्ममा सरकारले वार्षिक लक्ष्यको ३९ प्रतिशत आम्दानी र ३५ प्रतिशत खर्च गरेको छ ।

सरकारले चालु आर्थिक वर्षका लागि रु १८ खर्ब ६० अर्ब ३० करोड ३० लाखको बजेट ल्याएको थियो । पुस मसान्तसम्ममा रु छ खर्ब ६७ अर्ब ६० करोड १९ लाख बराबर खर्च भएको छ। यो अवधिको खर्च वार्षिक लक्ष्यको ३५ दशमलव ८९ प्रतिशत हो ।

चालुगत शीर्षकमा रु ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख बजेट छुट्याइएकोमा हालसम्म ३९ दशमलव ६३ प्रतिशत अर्थात् रु चार खर्ब ५२ अर्ब खर्च भएको छ ।

पुँजीगत शीर्षकको खर्च झनै कमजोर छ । यो शीर्षकमा रु तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख वार्षिक बजेट विनियोजन भएकोमा पुस मसान्तसम्ममा १६ दशमलव १६ प्रतिशत अर्थात् रु ५६ अर्ब ९३ करोड ५० लाख बराबर मात्र खर्च भएको छ।

वित्तीय व्यवस्था शीर्षकको हालसम्मको खर्च ४३ दशमलव दुई प्रतिशत छ। यो शीर्षकमा रु तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख बराबर बजेट विनियोजन भएकोमा हालसम्म रु एक खर्ब ५८ अर्ब ६६ करोड ३९ लाख बराबर खर्च भएको छ ।

सरकारले चालु आर्थिक वर्षमा रु १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख राजस्व उठाउने लक्ष्य राखेको छ। गत पुस मसान्तसम्ममा रू पाँच खर्ब ७४ अर्ब ७६ करोड ७९ लाख राजस्व उठेको छ। यो वार्षिक लक्ष्यको ३९ दशमलव ०६ प्रतिशत हो । कर राजश्वतर्फ ३८ दशमलव ११ प्रतिशत अर्थात् रु चार खर्ब ८९ अर्ब ३९ करोड ९२ लाख र गैरकर राजस्वतर्फ ५१ दशमलव ९७ प्रतिशत अर्थात् रु ७० अर्ब २० करोड ८२ लाख संकलन भएको छ।

सरकारले चालु आर्थिक वर्षका लागि रु ५२ अर्ब ३२ करोड ६५ लाख वैदेशिक अनुदान सहायता लिने लक्ष्य लिएकामा हालसम्म रु सात अर्ब ३७ करोड छ लाख बराबर वैदेशिक सहायता प्राप्त भएको छ ।

# सहकारी कर्जा प्रवाहमा कडाइ गर्दै राष्ट्र बैंक

■ प्रभाव संवाददाता



**काठमाडौं –** सरकारले अध्यादेशमार्फत सहकारी क्षेत्र व्यवस्थापनसम्बन्धी नयाँ कानुन जारी गरेसँगै नेपाल राष्ट्र बैंकले सहकारी संस्थाको बचत र ऋण व्यवस्थापनलाई व्यवस्थित गर्न नयाँ मापदण्डसहितको मस्यौदा सार्वजनिक गरेको छ ।

पछिल्लो समय ठूलो समस्या देखिएको सहकारी क्षेत्रको वित्तीय गतिविधिमा पारदर्शीता र सन्तुलन ल्याउन राष्ट्र बैंकले सोमबार 'बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि जारी गरिएको निर्देशन तथा मापदण्ड' को मस्यौदा सार्वजनिक गरेको हो। उक्त मापदण्डको मस्यौदामा सहकारी संस्थाले आफ्ना सदस्यबाट मात्र बचत सङ्कलन गर्न पाउने, कार्यक्षेत्रअनुसार बचत सङ्कलन सीमा तोक्ने, ऋण लगानीका कडाइ गर्ने, उत्पादनशील क्षेत्रको लगानीमा जोड दिनेलगायत विषय राखिएका छन् ।

राष्ट्र बैंकले सहकारी क्षेत्रको अनुशासन र पारदर्शीता सुनिश्चित गर्न यो मस्यौदा ल्याएको जनाएको छ। माघ मसान्तभित्रमा यो मस्यौदामाथि सुझाव दिन आग्रह गरेको छ। मस्यौदा मापदण्डमा राखिएको सदस्य बाहेकबाट बचत सङ्कलन गर्न पूर्णतः निषेध गर्ने तथा निश्चित सीमाभित्र मात्रै सङ्कलन गर्न पाउने प्रावधानले गैर-सदस्यबाट हुने जोखिमपूर्ण बचत सङ्कलनको अभ्यासलाई अन्त्य गर्ने अपेक्षा गरिएको छ ।

'बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले आफ्ना सदस्यबाट मात्र बचत सङ्कलन गर्न सक्ने छ भने यस्तो संस्थाले प्राथमिक पुँजी कोषको पन्ध्र गुणासम्म बचत सङ्कलन गर्न सक्नेछ । संस्थाले बैंक तथा वित्तीय संस्थाबाट कूल सम्पत्तिको पाँच प्रतिशतसम्म वा पुँजी कोषको बढीमा सय प्रतिशतसम्म ऋण लिन सक्नेछ', मस्यौदामा भनिएको छ ।

बचत तथा ऋणको कारोबार गर्ने संस्थाको बचत सङ्कलन सीमा पनि तोकिएको छ । एउटा जिल्लामा मात्र कार्यक्षेत्र भएको सहकारीले रु १० लाख, एकभन्दा बढी जिल्ला कार्यक्षेत्र भएमा रु २५ लाख र एक प्रदेशभन्दा बढी कार्यक्षेत्र भएमा रु ५० लाखसम्म मात्र बचत सङ्कलन गर्नसक्नेछ । संस्थाले साधारण र नियमित प्रकारका बचत खाता सञ्चालन गर्न सक्ने र सहकारीका सदस्यले रू १० लाखभन्दा बढी बचत रकम जम्मा गर्दा अनिवार्य रूपमा स्रोत खुलाउनुपर्ने मस्यौदामा उल्लेख छ ।

त्यस्तै कर्जा प्रवाहमा पनि कडाइ गर्न लागिएको छ। 'बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाले सदस्यता लिएको न्यूनतम तीन महिना नपुगेका सदस्यलाई ऋण लगानी गर्न सक्नेछैनन् । संस्थाले प्रति सदस्य प्राथमिक पुँजीकोषको अधिकतम १५ प्रतिशतभन्दा बढी रकम ऋण प्रवाह गर्न सक्नेछैन', मापदण्डको मस्यौदामा भनिएको छ, 'संस्थाले नियमित बचत गरिरहेका सदस्यलाई निजको बचत रकमको पाँच गुणा वा बढीमा रु तीन लाखमध्ये जुन कम हुन्छ सो बराबरको रकममात्र बिना धितो ऋण प्रवाह गर्न सक्नेछ ।'

यसरी बिना धितोकर्जा प्रवाह गर्दा कम्तीमा दुई सदस्यको जमानी लिनुपर्ने तथा सञ्चालकले आफ्नो बचतको सुरक्षणमा प्राप्त हुने ऋण बाहेक कुनै प्रकारको थप ऋण लिन नपाउने व्यवस्था ल्याउन लागिएको छ । बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले सहकारी बैंक र साना किसान लघुवित्त संस्थाको शेयर तथा नेपाल सरकारले जारी गरेको ऋणपत्रमा लगानी गर्न सक्ने व्यवस्था मापदण्डको मस्यौदामा राखिएको छ। यस बाहेक अन्य कुनै संस्थाको शेयर, डिबेन्चरमा लगानी गर्न पाइने छैन ।

सहकारी संस्थालाई घरजग्गा खरिदमा पनि कडाइ गर्न लागिएको छ । 'विगत तीन वर्षदेखि निरन्तर खुद मुनाफामा सञ्चालनमा रहेको, सञ्चित नोक्सानी नरहेको र न्यूनतम पुँजीकोष कायम रहको अवस्थामा प्राथमिक पुँजीको बढीमा २५ प्रतिशत वा जगेडा कोषको बढीमा ५० प्रतिशतसम्म हुन आउने रकम बराबरको मात्रै जग्गा वा भवन कार्यालय प्रयोजनका खरिद वा निर्माण गर्न सकिनेछ', मस्यौदामा भनिएको छ, 'यी शर्त विपरीत सम्पति खरिद वा निर्माण गरेमा सो बराबरको रकम प्राथमिक पुँजीकोष गणना गर्दा घटाउनु पर्नेछ ।'

त्यस्तै सहकारी संस्थालाई क्षेत्रगत कर्जा विस्तारमा जोड दिइएको छ । 'विशिष्टिकृत संस्थाबाहेक ठूलो कारोबार गर्ने संस्थाले कूल ऋणको न्यूनतम ५० प्रतिशत कृषि, उद्योग र व्यवसाय सञ्चालन तथा विस्तारलगायत उत्पादनमूलक क्षेत्रमा प्रवाह गर्नुपर्नेछ', मापदण्डको मस्यौदामा उल्लेख छ, 'उक्त सीमा हाल कायम नरहेमा २०८३ असार मसान्तसम्म कायम गर्नुपर्नेछ । संस्थाले कृषि, उद्योग र व्यवसायको लागि ऋण प्रवाह गर्दा किस्ता/ब्याज भुक्तानी गर्न उपयुक्त ग्रेस अवधि प्रदान गर्न सक्नेछ ।'

बचत तथा ऋणको कारोबार गर्ने संस्थाले सदस्यको बचतको सुरक्षणमा बढीमा ९० प्रतिशतसम्म ऋण प्रवाह गर्न पाउने व्यवस्था ल्याउन लागिएको छ । अचल सम्पत्तिको धितोमा ऋण प्रवाह गर्दा महानगरपालिका तथा उपमहानगरपालिकामा रहेको धितो मूल्याङ्कनको बढीमा ५० प्रतिशतसम्म र नगरपालिका तथा गाउँपालिकामा रहको धितोको हकमा बढीमा ६० प्रतिशतसम्म ऋण प्रदान गर्न सक्ने मस्यौदामा उल्लेख छ । बचत तथा ऋण सहकारी संस्थाको ऋण पुनर्रसंरचना तथा पुनर्रतालिकीकरणसम्बन्धी व्यवस्था पनि मापदण्डको मस्यौदामा राखिएको छ । 'विशेष परिस्थितिमा नियमनकारी निकायबाट निर्देशन जारी भएको अवस्थामा ऋणीले उचित कारणसहित लिखित अनुरोध गरेमा सञ्चालक समितिको निर्णयअनुसार निश्चित अवधिका लागि मात्र ऋण पुनर्तालिकीकरण वा पुर्नसंरचना गर्न सकिनेछ', मस्यौदामा भनिएको छ, 'पुनर्रसंरचना वा पुनर्रतालिकीकरण गर्ने समयमा सक्रिय वर्गमा वर्गीकरण भइरहेका ऋणलाई पुनर्तालिकीकरण वा पुर्नसंरचना गरिएमा साढे १२ प्रतिशत ऋण नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ ।'

## जब कृषिमन्त्रीलाई नौ किलोको काउली दिइयो

**ढोरपाटन–** बागलुङको जैमिनी नगरपालिका-१ कुश्मिसेरामा मंगलबार माघेसङ्क्रान्ति मेला तथा जैमिनी कप चलिरहेको थियो। मेलामा स्थानीय कला, संस्कृति र विभिन्न प्रकारका झाँकी प्रदर्शनले दर्शकलाई लोभ्यायो। साँझ पर्दै थियो ।

आयोजकले प्रमुख अतिथिका रूपमा आएका कृषि तथा पशुपन्छीमन्त्री रामनाथ अधिकारीलाई बिदाई गर्नुपर्ने भयो । धेरै ठाउँमा आयोजकले अतिथिलाई मायाको चिनो भनेर विभिन्न प्रकार समान दिने गरेका छन् तर यहाँ भने फरक शैलीमा मन्त्री अधिकरीलाई बिदाइ गरियो ।

जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्मा मन्त्री अधिकारीलाई उपहार दिन मञ्चमा उक्लिए । उनको हातमा नौ किलोको काउली थियो । शर्माले मन्त्री अधिकारीलाई मायाको चिनो स्वरूप त्यही काउली थमाए । उक्त दृश्यले मेला हेर्न आएका हजारौं दर्शकको ध्यान मञ्चतिर खिच्यो । धेरै चकित भए । नगर उपप्रमुख शर्माले कृषिमन्त्रीलाई मायाको चिनोका रूपमा काउली हस्तान्तरण गरेको उद्घोष गर्दा चारैतिर हाँसो चलेको थियो । स्थानीय किसानले उत्पादन गरेको काउली मन्त्री अधिकारीले मुस्कुराउँदै ग्रहण गरे ।




यस नगरपालिकाले विगत केही वर्षदेखि यस्ता कार्यक्रममा अतिथिलाई स्थानीय उत्पादनलाई प्रयोग गर्दै आएको छ। यस वर्ष पनि सोही नीतिअनुसार कृषिमन्त्री अधिकारीलाई नौ किलोको काउली उपहार दिइएको उपप्रमुख शर्माले बताए ।

उनले उक्त काउली जैमिनी नगरपालिका-२ का किसान गङ्गाधर सापकोटाले उत्पादन गरेको बताए । स्थानीय उत्पादनलाई मायाको चिनो तथा सार्वजनिक कार्यक्रममा प्रदर्शन गर्दा बजारीकरणमा टेवा पुग्ने अपेक्षासहित नगरपालिकाले यस्तो कार्य गर्दै आएको उपप्रमुख शर्माले बताए ।

'जैमिनी नगरपालिकामा व्यावसायिक तरकारीखेती गर्ने किसानको संख्या धेरै छ, उहाँहरूले बर्सेनि तरकारी बेचेर लाखौं आम्दानी गर्नुहुन्छ । त्यस्ता किसानलाई प्रोत्साहन गर्न नगरपालिकाले मायाको चिनाका रूपमा प्रयोग गर्ने र अन्य बेला पनि खरिद गर्ने गरेको छ', उपप्रमुख शर्माले भने, 'किसानलाई थप हौसला मिल्ने हुँदा उहाँहरूको उत्पादनलाई पहिलो प्राथमिकतामा राखेका छौं ।'

नगरपालिकाले स्थानीय उत्पादनको बजारीकरण गर्नका लागि कृषि एम्बुलेन्स सञ्चालनमा ल्याउन लागेको त्यस अवसरमा जानकारी दिइयो । यसै वर्षदेखि सञ्चालन गर्ने गरी कृषि एम्बुलेन्स खरिद प्रक्रिया अगाडि बढिसकेको नगरपालिकाले जनाएको छ । स्थानीय किसान प्रेमप्रसाद सापकोटाले नगरपालिकाले किसानलाई प्रोत्साहनका लागि गरेको यो कार्य सराहनीय रहेको बताए । *रासस*

## दुग्ध उत्पादक किसानलाई शीघ्र भुक्तानी दिइने

**कास्की (प्रस)–** कृषि तथा पशुपन्क्षी विकासमन्त्री रामनाथ अधिकारीले दुग्ध विकास संस्थानमार्फत किसानलाई तिर्न बाँकी भुक्तानीका लागि पहल भइरहेको बताएका छन् ।

केन्द्रीय दुग्ध सहकारी सङ्घ लिमिटेड नेपालको ३० औं वार्षिक साधारणसभाको पोखरामा उद्घाटन गर्दै उनले एक/डेढ महिनाभित्र भुक्तानी समस्या समाधान गर्ने प्रतिबद्धता जनाए । 'उद्योगले किसानको दूधको भुक्तानी नगर्ने कारण खोजेर समस्या समाधानका लागि पहल गरिरहेका छौं । आफूले नगदमा बिक्री गर्ने तर किसानबाट उधारोमा दूध लिनु राम्रो होइन । कृषकले समयमै आफ्नो पैसा पाउनुपर्दछ । यसका लागि मन्त्रालयले पहल गरिरहेको छ', मन्त्री अधिकारीले भने ।

उनले आफू मन्त्रालयमा आउँदा संस्थानले कृषकलाई भुक्तानी गर्नुपर्ने रकम रु एक अर्ब ४८ करोड र कर्मचारीको रु ५० करोड गरी रु एक अर्ब ९८ करोड रहेकामा त्यसलाई कम गर्दै लगिएको बताए । कृषि र सहकारीका क्षेत्रमा देखिएका समस्या समाधानका लागि आगामी नीति, कार्यक्रम र बजेटबाट सम्बोधन गरिने मन्त्री अधिकारीको भनाइ थियो ।

गण्डकी प्रदेशका सभामुख कृष्णप्रसाद धितालले नेपालमा उत्पादित दूध छिमेकी मुलुक चीन र भारतमा निर्यात गर्न सकिने सम्भावना रहेको भन्दै यसका लागि कृषकलाई प्रोत्साहन गर्दै व्यावसायिक पशुपालनमा जोड दिनुपर्ने बताए । गण्डकी प्रदेशका कृषिमन्त्री पद्ममा जिसी श्रेष्ठले प्रदेश सरकारले किसानलाई सहयोग गर्न उत्पादनमा आधारित अनुदान नीतिलाई कार्यान्वयन गरिरहेको जानकारी दिइन् ।

संस्थाका अध्यक्ष अम्मरबहादुर कुँवरले विभिन्न रोगव्याधिका कारणले कृषि तथा दुग्ध क्षेत्रमा आबद्ध कृषकलाई असर परेको बताउँदै यस्ता कृषकलाई पेसामा टिकाइराख्न सरकारले सहयोग गर्नुपर्ने बताए । उनले देशको कूल गार्हस्थ्य उत्पादनमा दुग्ध क्षेत्रको नौ प्रतिशत योगदान रहेको र यस क्षेत्रले ग्रामीण क्षेत्रमा रोजगारी सिर्जनामा महत्वपूर्ण योगदान गरेको बताए ।

कार्यक्रममा राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक राजेन्द्रप्रसाद यादव, दुग्ध विकास संस्थानका महाप्रबन्धक सूर्य पौडेल, डेरी उद्योग सङ्घ नेपाल काठमाडौंका अध्यक्ष राजकुमार दाहाल, कास्की जिल्ला सहकारी सङ्घका अध्यक्ष दीपकराज बास्तोलालगायतले नेपालको समृद्धिको आधार दूध व्यवसाय रहेकाले यस क्षेत्रमा राज्यले सहयोग गर्नुपर्नेमा जोड दिए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ